कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# Liberty Energy Company Ltd.
# लिवर्टी ईनर्जी कम्पनी लि.

रजिष्टर्ड कार्यालय : कालिकास्थान-२९, काठमाडौं, फोन नं. ०१-४५४३५४५
Email: liberty@libertyenergy.com.np | Web:www.libertyenergy.com.np

**को**

(कम्पनी ऐन, २०६३ को दफा २३ तथा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० अन्तर्गत प्रकाशित)

## "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"

हाल कायम रहेको चुक्ता पूँजी रु.१,५०,००,००,०००/- (एक अर्ब पचास करोड) बराबरको प्रति शेयर रु.१००/- अंकित दरका १,५०,००,००० (एक करोड पचास लाख) कित्ता साधारण शेयरको साधारण सभाबाट निर्णय भए बमोजिम हकप्रद शेयर अनुपात (१:०.५०) १ शेयर बराबर ०.५० कित्ता शेयरको हुने रकम रु.७५,००,००,०००/- (पचहत्तर करोड) बराबरको प्रति शेयर १००/- अंकित दरको ७५,००,००० (पचहत्तर लाख) कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित।

दरखास्त साथ प्रति शेयर रु.१००/- का दरले शत प्रतिशत भुक्तानी माग गरिएको।

### संस्थाको विगत तीन वर्ष र प्रक्षेपित तीन वर्षको प्रमुख वित्तीय सुचक:

| विवरण | वास्तविक | | | आ.व. | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७७/०७८ | आ.व.०७८/०७९ | आ.व. ०७९/०८० | ०८०/०८१ | आ.व. ०८१/०८२ | आ.व. ०८२/०८३ | आ.व. ०८३/०८४ |
| प्रति शेयर आम्दानी रु. | ८९.९४ | ८८.०१ | ७५.४७ | ५९.७४ | ७३.४२ | ७५.७१ | ७९.९४ |
| प्रति शेयर नेटवर्थ रु. | (२.५७) | (१.९३) | (१२.५४) | (२२.१२) | ०.३५ | २.२९ | ४.२३ |
| संचित नाफा नोक्सान (रु.हजारमा) | (१५०,९२४.३४) | (१७९,८०८) | (३६७,९६७.७९) | (६०३,९२०.८१) | (५९८,१३१.०६) | (५४६,५३१.६२) | (४५१,३१८.७६) |

### निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्वन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) यस विवरणपत्रको पृष्ठ नं. २८ मा प्रस्तुत गरेका छौं।

### नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरण पत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो। यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित हकप्रद धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो। धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (थ) पृष्ठ नं. २० मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

### क्रेडिट रेटिङ्ग सम्वन्धी विवरण

यस लिवर्टी ईनर्जी कम्पनी लिमिटेडलाई इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले "IRN BB (Is) [Double B (Issuer) ]" रेटिङ्ग प्रदान गरेको छ। "IRN BB (Is) [Double B (Issuer) ]" जसले कम्पनीको समयमा वित्तीय दायित्व वहन गर्ने क्षमता मध्यम जोखिम रहने जनाउँछ। (Issuers with this rating are considered to have the moderate risk of default regarding timely servicing of financial obligations) इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले IRN AAA (Is) देखि IRN D (Is) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ। जसमा IRN AAA (Is) रेटिङ्ग ले बलिया आधार जनाउँछ भने IRN D (Is) रेटिङ्ग ले कमजोर आधारहरु जनाउँछ। रेटिङ्ग AAA, AA, A, BBB, BB, B, C र D मा प्रयोग गरिने चिन्हले उक्त समूहका तुलनात्मक स्थितिलाई जनाउँछ। सो सम्बन्धी विवरण यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (व)२ पृष्ठ नं. २६ मा उल्लेख गरिएको छ।

**रेटिङ्ग प्रदान गरेको मिति : २०८१/०३/२६** **रेटिङ्ग बहाल रहने अवधि : २०८२/०३/३१**

### विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण :

इजाजत पत्र वहाल रहने अवधि मिति २१०७/०१/१४ सम्म रहेकोले २५ वर्ष ०७ महिना बाँकी रहेको छ।

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त मिति २०८१/०६/२३**

**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०८१/०६/३०**

**धितोपत्र निष्काशन खुल्ला हुने मिति २०८१/०८/१६**

**धितोपत्र निष्काशन बन्द हुने मिति २०८१/०९/०७ (बैंकिङ्ग समय पश्चात)**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

PRABHU CAPITAL (A Subsidiary of Prabhu Bank Limited)

**प्रभु क्यापिटल लिमिटेड**

कमलादी, काठमाडौं, फोन नं. ०१-४१६५१००, ५९७०२००
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com

**हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु"**

**(क) संगठित संस्थाको नाम :** लिवर्टी ईनर्जी कम्पनी लिमिटेड **(Liberty Energy Company Limited)**

**(ख) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.२९, कालिकास्थान, काठमाडौंमा रहेको छ । आवश्यकतानुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

**(ग) कारोवार स्थान:** यस कम्पनीको मुख्य कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.२९, कालिकास्थान, काठमाडौंमा र कम्पनीद्धारा निर्माण सम्पन्न भई संचालनरत माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजनाको आयोजना स्थल लमजुङ्ग जिल्लाको दोर्दी गाँउपालिका वडा नं ६ मा रहेको छ ।

**(घ) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्यहरुः**

**१) कम्पनीको संक्षिप्त परिचय :**

१. लिवर्टी ईनर्जी कम्पनी लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६६ साल मंसिर १५ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७२/१२/१५ को निर्णय अनुसार प्राइभेट लिमिटेड कम्पनीबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कारोबार संचालन गर्दै आइरहेको छ ।

२. यस कम्पनीले लमजुङ्ग जिल्लाको दोर्दी गाँउपालिका (साविक फलेनी र ढोडेनी गा.वि.स) स्थित दोर्दी खोलामा माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजना (२५ मेगावाट) बाट विद्युत उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमतिपत्र नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०७१/०१/१५ गतेका दिन प्राप्त गरेको हो र उक्त अनुमती पत्र मिति २१०७/०१/१४ गते सम्म बहाल रहनेछ । (नोट : कोभिड महामारीको कारणले अनुमतिपत्र बहाल रहने अवधि १ वर्ष थप गरिएको)

३. यस कम्पनीले सर्वसाधारण तथा स्थानिय (आयोजना प्रभावित) को लागि प्राथमिक शेयर निष्काशन गरि मिति २०७७/०५/१५ मा बाँडफाड भएको हो । मिति २०८०/०५/१५ गते देखि कम्पनीको संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भईरहेको छ । यस कम्पनीको प्राथमिक तथा संस्थापक शेयरको सुचिकरण मिति २०७७ असोज २ गते रहेको छ । कम्पनीले IPO निष्काशन गरि प्राप्त गरेको रकम निम्न तालिका अनुसार उपभोग गरेको छ ।

| प्राप्त पूँजीको उपयोग | रकम रु. |
|---|---|
| १. नेपाल इन्भेष्टमेन्ट बैंक बाट लिइएको Loan against IPO भुक्तानी गर्न | रु. २०,००,००,०००/- |
| २. माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजनाको लागि भएको निर्माण खर्च बाँकी भुक्तानी गर्न | रु. १७,५०,००,०००/- |
| **जम्मा** | **रु. ३७,५०,००,०००/-** |

४. कम्पनीले पहिचान गरी विकास गरेको लमजुङ्ग जिल्लाको दोर्दी गाऊँपालिका स्थित दोर्दी खोलामा २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई २०७९ मंसीर १७ गते बाट व्यवसायिक उत्पादन शुरु भएको र हाल नियमित रुपमा विद्युत बिक्री भई आयोजना संचालन भईरहेको छ । उक्त आयोजनाको कुल लागत रु. ६,३१३,९२०,१०१.६९, प्रति मेगावाट लागत रु. २५,२५,५६,८०४/०७, Normal Payback Period १०.०२ वर्ष र Discounted Payback Period २७.४९ वर्ष रहेको छ ।

५. यस संगठित संस्थाले उल्लेखित जलविद्युत आयोजना बाहेक अन्य दुई निम्न लिखित जलविद्युत आयोजनाहरुको समेत अनुमतिपत्र प्राप्त गरी हाल सर्वेक्षण, अध्ययन लगायतका कार्यहरु अघि बढाईरहेको छ ।

| सि.नं. | आयोजनाको नाम | स्थान | क्षमता |
|---|---|---|---|
| १. | बडिगाड खोला जलविद्युत आयोजना | बाग्लुङ | २४.६ मे.वा |
| २. | लोदो खोला साना जलविद्युत आयोजना | लमजुङ | १.६ मे.वा |

साथै, यस कम्पनीले भविष्यमा थप नयाँ आयोजनाहरु विकास गरि कम्पनीको नाफा परिचालन तथा थप आम्दानीको स्रोत सुनिश्चित गर्न बडिगाड हाइड्रोपावर लि. नामक सहायक कम्पनी दर्ता गरेको छ ।

६. माथिल्लो दोर्दी ए जलविद्युत आयोजना (२५ मेगावाट) को उत्पादन गरिएको सबै विद्युत शक्ति एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद कगर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६९/०६/०२ गते विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भईसकेको छ । विद्युत खरीद बिक्री सम्झौताको अवधि आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि ३० बर्ष कायम रहने छ ।

कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताको मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् ।

क. माथिल्लो दोर्दी ए जलविद्युत आयोजनाबाट वार्षिक १३,६७,८४,८६९ किलोवाट घण्टा विद्युत उत्पादन हुने तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । आयोजनाको शुरुमा २२,००० किलोवाट क्षमताको लागि विद्युत खरिद बिक्रि सम्झौता भएकोमा पछि क्षमता ३,००० किलोवाट बृद्धि भई जम्मा आयोजनाको क्षमता २५,००० किलोवाट भए अनुसार विद्युत खरिद बिक्रि सम्झौताको विभिन्न मितिमा संशोधन भएको छ । यस आयोजनाको विद्युत खरिद बिक्रि मुल्य सुख्खायामका चार महिना (पुष, माघ, फागुन र चैत्र) मा उत्पादन हुने २,२३,९३,९४७ किलोवाटका लागि रु.८.४० प्रति किलोवाट घण्टा र वर्षायामका बाँकी आठ महिनामा उत्पादन हुने ११,४३,९०,९२२ किलोवाटका लागि रु.४.८० प्रति किलोवाट घण्टा निर्धारण गरिएको छ ।

ख. प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मिति देखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरि उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद बापत वर्षायाममा प्रति किलोवाट घण्टा रु.४।८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खायाममा प्रति किलोवाट घण्टा रु.८।४० (आठ रुपैंया चालिस पैसा मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तिय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन सुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिना देखि लागु हुने गरी प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले पाँच पटक सम्म साधारण मुल्य बृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिददर कायम गरिएको छ ।

| **अवधि<br>(व्यापारिक उत्पादन सुरु हुने मिति (COD) कायम भएको महिना लगतै पछिको महिनालाई पहिलो महिना मानि अवधि गणना हुने गरी )** | **सुख्खायाम<br>(पौष देखि चैत्र सम्म)<br>(रु. प्रति युनिट)** | **वर्षायाम<br>(वैशाख देखि मार्ग सम्म)<br>(रु. प्रति युनिट)** |
|---|---|---|
| पहिलो महिना देखि १२ औ महिनासम्म | ८।४० | ४।८० |
| १३ औ महिना देखि २४ औ महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औ महिना देखि ३६ औ महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औ महिना देखि ४८ औ महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औ महिना देखि ६० औ महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औ महिना देखि सम्झौता अवधि सम्म | ९।६६ | ५।५२ |

ग) नेपाल विद्युत प्राधिकरणले आयोजनाबाट उत्पादन हुने अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.२ अनुसार दफा १२.१ (ख) मा उल्लेख भएको खरीददरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ गर्ने र प्राधिकरणले भुक्तानी गर्ने छ ।

घ) यस कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताको नवौं संशोधन बमोजिम माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजनाबाट उत्पादित विद्युत बैकल्पिक व्यवस्था मार्फत प्रवाह गर्ने सम्बन्धमा बैकल्पिक व्यवस्था कार्यान्वयनमा रहँदासम्म आयोजनाबाट उत्पादित विद्युत प्राधिकरणले Dispatch Instruction जारी गरी खरिद गर्ने । विद्युत खरीद-बिक्री सम्झौता अनुसार कम्पनीले प्राधिकरणलाई तथा प्राधिकरणले कम्पनीलाई तिर्न पर्ने हर्जाना/क्षतिपुर्ति सम्बन्धी दफा निलम्बन गर्ने र एक पक्षले अर्को पक्षलाई हर्जाना/क्षतिपुर्ति तिर्नु नपर्ने । आयोजनाको COD पश्चात नेपाल विद्युत प्राधिकरणले जारी गरेको Dispatch Instruction बमोजिमको Metered Energy को आधारमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्ने ।

ङ) कनेक्सन एग्रिमेन्टमा उल्लेखित ने.वि.प्रा.को दायित्व अर्न्तगत पर्ने प्रसारण संरचनाहरुको निर्माण सम्पन्न भए पश्चात साबिककै ग्रिड कनेक्सन एग्रिमेन्टमा भएको व्यवस्था बमोजिम नै आयोजनाको विद्युत प्रवाह गर्ने गराउने । तत् पश्चात माथि उल्लेखित सबै बैकल्पिक व्यवस्था खारेज हुने तथा PPA मा उल्लेखित प्रावधान लागु हुने तर COD मिति परिवर्तन नहुने ।

७. संगठित संस्थाद्धारा संचालनरत माथिल्लो दोर्दी "ए" जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :

- जडित क्षमता : २५ मेगावाट
- विद्युत उत्पादन अनुमतिपत्र प्राप्त मिति : २०७१/०१/१५
- विद्युत खरिद बिक्री सम्झौता : २०६९/०६/०२
- विद्युत खरिद बिक्री सम्झौता बहाल रहने अवधि : व्यापारिक उत्पादन सुरु मितिले ३० वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र बहाल रहने मिति मध्ये जुन घटि छ सो समयसम्म/ अर्थात वि.सं. २१०७/०१/१४ गतेसम्म बहाल रहनेछ ।
- आयोजनाको निर्माण सम्पन्न भएको मिति : २०७९/०८/०२
- व्यापारिक उत्पादन प्रारम्भ भएको मिति : २०७९/०८/१७
- कुल लागत : रु. ६,३१,३९,२०,१०१/६९

- प्रति मेगावाट लागत : रु. २५,२५,५६,८०४/०७
- कर्जा लगानी फिर्ता हुने अवधि : Normal Payback Period १०.०२ वर्ष, Discounted Payback Period २७.४९ वर्ष

८. आयोजनाबाट गत २०७९/०८/१७ मा COD तय भए पश्चात विद्युत बिक्री सम्झौता परिमाण, विद्युत बिक्री परिमाण बिक्री दर तथा आय सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ :

| **आ.व. २०७९/८०** | | | | |
|---|---|---|---|---|
| महिना | विद्युत बिक्री सम्झौता परिमाण (Contract Energy) | विद्युत बिक्री परिमाण (Energy Generation) | दर (रु.) | आय रकम (रु.) |
| मंसिर २०७९ | ४०,०२,३४९ | ४२,६९,८७० | ४.८ | १,९२,११,२७५/२० |
| पुष २०७९ | ६९,०१,७६८ | ८०,१०,५६० | ८.४ | ५,७९,७४,८५१/२० |
| माघ २०७९ | ५४,०४,६६७ | ५७,७९,९४० | ८.४ | ४,६९,७५,३४९/४० |
| फागुन २०७९ | ५०,७१,६१९ | ५४,२९,९४० | ८.४ | ४,४१,०६,५४७/८० |
| चैत २०७९ | ५०,१५,८९३ | ५७,८३,४०० | ८.४ | ४,४४,९०,१७९/८३ |
| बैशाख २०८० | ७८,९०,१२२ | ७०,१४,३५० | ४.८ | ३,३६,६८,८८०/०० |
| जेष्ठ २०८० | १,२७,६०,८३० | १,१२,३८,६४० | ४.८ | ५,३९,४५,४७२/०० |
| असार २०८० | १,७८,०९,६०१ | १,०३,४७,०३० | ४.८ | ४,९६,६५,७४४/०० |
| **जम्मा** | | | | **३५,००,३८,२९९/४३** |

| **आ.व. २०८०/८१** | | | | |
|---|---|---|---|---|
| महिना | उर्जा परिणाम (Contract Energy) | उर्जा उत्पादन (Energy Generation) | दर (रु.) | आय रकम (रु.) |
| श्रावण २०८० | १,७२,५३,०५१ | ६५,०२,९८३ | ४.८ | ३,१२,१४,३१९.९८ |
| भाद्र २०८० | १,७२,५३,०५१ | ५०,८४,७६२ | ४.८ | २,४४,०६,८५६.०२ |
| आश्विन २०८० | १,७२,५३,०५१ | ९०,६३,८३१ | ४.८ | ४,३५,०६,३८८.१३ |
| कात्तिक २०८० | १,५२,४२,९०१ | ७८,५६,१३३ | ४.८ | ३,७७,०९,४३८.४० |
| मंसिर २०८० | ९२,३६,१९० | १,०५,०३,७५० | ४.८ | ४,७३,७५,८५५.२८ |
| पुष २०८० | ६६,७१,७०९.०७ | ७६,४४,४१० | ८.६५ | ६,१९,१२,३५१.४६ |
| माघ २०८० | ५४,०४,६६७ | ५८,०८,९६० | ८.६५ | ४,८४,९६,९१५.३१ |
| फागुन २०८० | ५०,७१,६१९ | ५०,१५,३३० | ८.६५ | ४,३३,८२,६०४.५० |
| चैत २०८० | ५०,१५,८९३ | ५७,२२,८२० | ८.६५ | ४,६४,४१,३९९.०९ |
| बैशाख २०८१ | ७८,९०,१२२ | ७०,९२,९३० | ४.९४ | ३,५०,३९,०७४.२० |
| जेष्ठ २०८१ | १,३१,७२,४६९ | १,१५,१०,१९७ | ४.९४ | ५,६८,६०,३७१.५५ |
| असार २०८१ | १,७२,५३,०५१ | १,४४,२६,७१० | ४.९४ | ७,१२,६७,९४७.४० |
| **जम्मा** | | | | **५४,७६,१३,५२१/३१** |

९. धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा १३ बमोजिम तोकिएका अवस्थाहरु निम्न अनुसार पूरा गरिएको

(क) हकप्रद शेयर निष्काशन तथा सो निष्काशनबाट प्राप्त हुने कूल रकमको उपयोग सम्बन्धमा स्पष्ट वित्तीय योजना र रणनीतिहरू तथा निष्काशन गर्ने हकप्रद शेयर अनुपातको औचित्य पुष्टि गर्ने आधारहरू खुलाई मिति २०८०/०१/२५ मा सम्पन्न वार्षिक साधारण सभाबाट पारित गरेको,

ख) यस कम्पनीले प्राथमिक शेयर निष्काशन गरी मिति २०७७/०५/१५ मा बाँडफाँड भएको हो । यस कम्पनीले प्रारम्भिक सार्वजनिक निष्काशन गरेको कम्तिमा दुई वर्ष पूरा भएको ।

ग) यस कम्पनीले मिति २०८१/०३/२६ मा ईन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लि. ले ईस्युअर रेटिङ्ग गरेको ।

घ) यस कम्पनीको चुक्ता पूँजी रु.१,५०,००,००,०००/– (अक्षरेपी एक अर्ब पचास करोड रुपैयाँ मात्र) रहेको छ र सो शतप्रतिशत चुक्ता भएको ।

ङ) यस कम्पनीले आर्थिक तथा प्रशासन विनियमावली तयार गरी सो अनुरुप कार्य गरी आएको साथै, विभिन्न समितिहरु गठन गरी संचालक समितिको बैठकमा प्रतिवेदन पेश गरी विस्तृतमा छलफल गर्ने गरिएको तथा संस्थागत सुशासन सम्बन्धमा नेपाल धितोपत्र बोर्डमा प्रतिवेदन पेश गर्ने गरिएको ।

च) १. यस कम्पनीबाट प्रवर्द्धित माथिल्लो दोर्दी ए जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमती पत्र लगायत आवश्यक स्विकृतिहरु लिई हाल उक्त आयोजनाले मिति २०७९/०८/१७ देखि विद्युत उत्पादन गरिरहेको ।

२. कम्पनीको नाममा अनुमति पत्र रहेका बडीगाड खोला जलविद्युत आयोजना (२४.६० मेगावाट) को विद्युत उत्पादनको अनुमति पत्र प्राप्त भई Connection Agreement सम्पन्न भई विद्युत खरीद बिक्रि सम्झौता (PPA) हुने क्रममा रहेको र लोदो खोला साना जलविद्युत आयोजना (१.६मेगावाट) को Connection Agreement सम्पन्न भई विद्युत खरीद बिक्रि सम्झौता (PPA) समेत भईसकेको ।

## २) कम्पनीको उद्देश्य :

कम्पनीको प्रबन्धपत्रको दफा ४ (१) मा उल्लेख भए अनुसार यस कम्पनीको उद्देश्य देहाय बमोजिम रहेको छ :

क) **विद्युत आयोजनाको सम्भाव्यता अध्ययन गर्ने:**
विद्युतसँग सम्बन्धीत आयोजनाहरुको पहिचान गरी नेपाल सरकारसँग अनुमति लिई पूर्व संभाव्यता अध्ययन, वातावरण प्रभावको मुल्यांकन (EIA), Detail Project Report (DPR) समेत तयार गरी विद्युत खरिद सम्मको सेवा दिने ।

ख) **विद्युत आयोजनाहरु तथा प्रशारण लाईन निर्माण सञ्चालन तथा हस्तान्तरण गर्ने :**
नेपाल सरकारको अनुमती प्राप्त गरी विद्युत आयोजनाहरु तथा प्रशारण लाईन निर्माण गर्ने, संचालन गर्ने र नेपाल सरकारलाई सम्झौता बमोजिम निश्चित समायावधि पछि हस्तान्तरण गर्ने, सो कार्यको लागि विद्युत खरिदकर्तासँग खरिद सम्झौता (PPA)गरी उत्पादित विद्युत विक्री वितरण गर्ने ।

ग) **विद्युत गृह लिजमा लिने वा खरिद गरी सञ्चालन गर्ने:**
हाल संचालनमा रहेका साथै निर्माणाधिन विद्युत गृहहरुलाई खरिद गर्ने वा लिजमा लिई संचालन गर्ने र उत्पादित विद्युत बिक्री वितरण गर्ने ।

घ) विद्युत उत्पादन सम्बन्धी प्रविधि हस्तान्तरणको निमित्त अनुभवी एवं ख्यातिप्राप्त अन्तराष्ट्रिय कम्पनीहरुसंग मैत्रीपूर्ण सम्बन्ध स्थापना गरी कम्पनीलाई हित हुने विषयहरुमा सम्झौतागर्ने, विचारको आदान प्रदान गर्ने, सभा सेमिनारको आयोजनागर्ने, तालिम प्रशिक्षण संचालन गर्ने तथा देशमा विद्युत शक्तिको विकास गर्नका लागि आवश्यक दक्ष जनशक्ती तयार गर्ने र आवश्यक परेमा यसका लागि विदेशी विशेषज्ञ बोलाउने वा आवश्यकता अनुसार विषय विशेषज्ञताका लागि स्वदेशी जनशक्तीलाई विदेशमा तालिममा पठाउने ।

ङ) निर्माणाधिन वा वन्द भएको आयोजना संचालन गर्ने, लिजमा लिने, मर्मत सम्भार आदी गर्ने ।

च) स्वीकृती लिई विद्युत उत्पादनमा संलग्न हुन चाहने विदेशी कम्पनीहरुसंग संयुक्त लगानी (Joint Venture) मा विद्युत उत्पादनका परियोजनाहरु संचालन गर्ने वा त्यस्ता कम्पनीको स्थानिय प्रतिनिधी (Local Agent) भई कार्य गर्ने ।

छ) विद्युत आयोजना स्थल सम्म पुग्ने मोटर बाटो अन्य पूर्वाधार र वातावरण संरक्षण सम्बन्धी कार्य गर्ने ।

ज) उत्पादित विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणलाई बिक्री गर्ने वा सोझै उपभोक्तालाई बिक्री गर्ने ।

झ) नेपाल सरकारको स्वीकृती लिई विद्युत विदेशीलाई बिक्री गर्ने ।

ञ) ट्रान्सफर्मर लगायत विद्युत सम्बन्धी आवश्यक सामानहरुको उत्पादन तथा बिक्री वितरण गर्ने ।

ट) सौर्य उर्जा र वैकल्पिक उर्जाका सम्बन्धमा नयां खोज एवं अनुसन्धान र उत्पादन गर्ने ।

## ङ) शेयर पुंजी संरचना :

अधिकृत, जारी तथा चुक्ता पुंजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्वन्धी विवरण :

**अधिकृत पुंजी :** कम्पनीको अधिकृत पूँजी रु. ३,५५,७०,००,०००/- (अक्षेरुपी तिन अर्ब पचपन्न करोड सत्तरी लाख रुपैंया) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- का दरले ३,५५,७०,००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**जारी पुंजी :** कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.२,२५,००,००,०००/- (अक्षरुपी दुई अर्ब पच्चिस करोड रुपैंया) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- का दरले २,२५,००,००० थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पुंजी** : हाल कम्पनीको चुक्ता पूँजी रु.१,५०,००,००,०००/- (अक्षरुपी एक अर्ब पचास करोड रुपैंया) रहेकोछ । हकप्रद शेयर निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु.२,२५,००,००,०००/- (अक्षरुपी दुई अर्ब पच्चिस करोड रुपैंया) हुनेछ । सो मध्ये रु. १,६८,७५,००,०००/- (अक्षरुपी एक अर्ब अठसठ्ठि करोड पचहत्तर लाख मात्र) संस्थापक तथा रु. ५६,२५,००,०००/- (अक्षरुपी छपन्न करोड पच्चिस लाख मात्र) सर्वसाधारण समुहमा छुट्याइएको छ । हकप्रद शेयर निष्काशन पश्चात यी दुवै समुहको शेयर चुक्ता हुनेछ ।

**कम्पनीको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवर्तन भएको छ।**

| आर्थिक बर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| **०७२/७३** | १,२०,००,००,०००/- | १,२०,००,००,०००/- | ५४,६३,८०,०००/- | २०७३/०२/३० मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम । |
| **०७३/७४** | १,२०,००,००,०००/- | १,२०,००,००,०००/- | ७०,६५,८०,०००/- | २०७४/०३/२९ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम । |
| **०७५/७६** | १,५०,००,००,०००/- | १,५०,००,००,०००/- | ९४,०५,५५,०००/- | २०७५/१०/२२ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम । |
| **०७६/७७** | १,५०,००,००,०००/- | १,५०,००,००,०००/- | १,१२,५०,००,०००/- | २०७६/०४/०१ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम । |
| **०७७/७८** | १,५०,००,००,०००/- | १,५०,००,००,०००/- | १,५०,००,००,०००/- | प्राथमिक शेयर निष्काशन पश्चात |
| **०७८/७९** | १,५०,००,००,०००/- | १,५०,००,००,०००/- | १,५०,००,००,०००/- | प्राथमिक शेयर निष्काशन पश्चात |
| **०७९/८०** | ३,५५,७०,००,०००/- | २,२५,००,००,०००/- | १,५०,००,००,०००/- | २०८०/०२/०७ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम |

**च) हकप्रद शेयर निष्काशन गर्नु पूर्व र निष्काशन पश्चात् संगठित संस्थाको चुक्ता पूँजीको स्थिती :**

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु. १,५०,००,००,०००/- रहेको छ। हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. २,२५,००,००,००० /- कायम हुनेछ। मिति २०८०/०५/१५ गते देखि कम्पनीको संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भईरहेको छ।

**चुक्ता पूँजीमा हुने परिवर्तन**

| **विवरण** | **हकप्रद निष्काशन पूर्व** | **हकप्रद निष्काशन पश्चात** |
|---|---|---|
| चुक्ता पूँजी (रुपैया) | रु. १,५०,००,००,०००/- | रु. २,२५,००,००,००० |

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या**

मिति २०८०/०५/१५ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोबार भईरहेको छ।

**२०८१ असार मसान्त सम्म आधारभुत (१ प्रतिशत वा सो भन्दा बढि स्वामित्व रहेको) शेयरधनीहरुको नाम, ठेगाना तथा उनिहरुले लिएको शेयर सम्बन्धी विवरण :**

| क.स | नाम | ठेगाना | शेयर संख्या ( कित्ता) | प्रतिशत (%) |
|---|---|---|---|---|
| १. | डा. आत्माराम घिमिरे | गोदावरी - १३, ललितपुर | ८,००,००० | ५.३३% |
| २. | कुश कुमार जोशी | चैनपुर -०२, संखुवासभा | ४,८७,३७५ | ३.२५% |
| ३. | कुमार केशर विष्ट | ललितपुर -५, ललितपुर | ४,७०,००० | ३.१३% |
| ४. | शुसिल थापा | अर्खले -०६, गुल्मी | ४,३९,००० | २.९३% |
| ५. | राम बहादुर पाण्डे | बसन्तपुर -०८, तनँहू | ३,००,००० | २% |
| ६. | राजेन्द्र वस्ती | उदिपुर -०२, लमजुङ | २,२५,००० | १.५०% |
| ७. | हरी प्रसाद भट्ट | ताकु लाकुरीबोट -०७, गोरखा | २,०९,५४५ | १.४०% |
| ८. | सिता पाण्डे | पोखरा -०८, कास्की | २,००,००० | १.३३% |
| ९. | नरेश बज्राचार्य | का.म.न.पा. -२५, काठमाण्डौं | १,७४,००० | १.१६% |
| १०. | टंक प्रसाद गैरे | हटिया -०३, बागलुङ | १,५५,८०० | १.०४% |

**ज) निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :**

कम्पनीको चुक्ता कुल साधारण शेयर संख्या १,५०,००,००० (एक करोड पचास लाख) कित्ताको १ शेयर बराबर नयाँ ०.५० शेयर (१ : ०.५०) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले जम्मा ७५,००,००० (पचहत्तर लाख) कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ ।

**झ) धितोपत्र निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मितिः**

कम्पनीको संचालक समितिको मिति २०७९/१०/२४ गते बसेको बैठकमा प्रस्ताव पारित गरी मिति २०८०/०१/२५ मा सम्पन्न कम्पनीको वार्षिक साधारण सभाबाट चुक्ता पूँजीको ५० प्रतिशतले हुने गरी हकप्रद शेयर निष्काशन गर्ने निर्णय भयो । कम्पनीको हकप्रद शेयर निष्काशन गर्ने प्रस्ताव पारित भएको वार्षिक साधारण सभा सम्पन्न भएको मिति २०८०/०१/२५ गते रहेको छ ।

उक्त वार्षिक साधारण सभाको निर्णय निम्न अनुसार रहेको छ :

"यस कम्पनीको हालको चुक्ता पूँजी जम्मा रु. १,५०,००,००,०००/- (अक्षरुपी एक अर्ब पचास करोड मात्र) भएकोमा माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजना निर्माण शुरु भए देखि नै उत्पन्न विविध काबु बाहिरको परिस्थितिको कारणले आयोजना पुनः निर्माण तथा संरचना संरक्षणमा भएको थप खर्च तथा निर्माण अवधिको बैंक ब्याज बृद्धि भई आयोजनाको कुल निर्माण लागत बढ्न गएको र सोहि कारण बैंक सँग लिनुपर्ने ऋण रकम समेत बृद्धि भएकोले कम्पनीलाई थप आर्थिक भार पर्ने र उक्त ब्याज खर्च कम गर्न तथा कम्पनीको स्वामित्वमा रहेका आयोजनामा लगानी गर्न समेत थप पूँजी आवश्यक पर्ने भएकोले कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु.१,५०,००,००,०००/- (अक्षरुपी एक अर्ब पचास करोड मात्र) को ५०% का दरले हुन आउने रकम रु.७५,००,००,०००/- (अक्षेरुपी पचहत्तर करोड मात्र) बराबरको २:१ का दरले हकप्रद शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो । साथै, हकप्रद शेयर निष्कासनको प्रक्रियामा आवश्यक काम कारबाही गर्न तथा अन्य आवश्यक कागजातमा फेरबदल गर्नुपर्ने भएमा समेत कम्पनीको संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव समेत सर्वसम्मतिले पारित गरियो ।"

विद्युत नियमन आयोगबाट हकप्रद शेयर निष्काशन गर्न निम्नानुसारको शर्तहरू राखी स्वीकृति प्रदान गरिएको ।

क) प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ ।

ख) प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनु पर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।

ग) कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।

घ) तहाँ अन्तर्गतका शेयरधनीहरु मध्ये कुनै शेयरधनी विद्युत सम्बन्धि आयोजना बनाई नेप्सेमा सुचिकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्व स्वीकृति लिनुपर्नेछ ।

ङ) आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय-समयमा आदेश वा परिपत्र जारी गर्दा सो को परिपालना कम्पनीले गर्नुपर्नेछ ।

**नोट :** मिति २०८०/०३/०१ मा विद्युत नियमन आयोगमा हकप्रद शेयरको सार्वजनिक निष्काशन गर्न स्वीकृतिका लागि निवेदन पेश गरेको र मिति २०८०/०४/१५ मा विद्युत नियमन आयोगबाट स्वीकृति प्रदान गरेको छ ।

**ञ) संचालकहरुको परिचय :**

**संचालकहरुको विवरण**

| सि.नं | नाम, ठेगाना | पद | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | सम्बन्धित क्षेत्रको अनुभव | अन्य क्षेत्रको अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | डा. आत्माराम घिमिरे, गोदावरी-१३, ललितपुर । | अध्यक्ष | नेपाली | ८,००,००० | पि.एच.डि | लिवर्टी इनर्जी कम्पनी लिमिटेडमा २०७२ साल देखि २०८० सालसम्म प्रबन्ध सञ्चालक र २०८०/०१/२५ देखि हालसम्म अध्यक्ष पदमा कार्यरत रहेको, २०७७ देखि २०७९ सालसम्म हनुमान हाइड्रोपावर प्रा.लि मा संचालक पदमा रहेको । | पुर्व अध्यक्ष – नेपाल सर्टिफाइड कम्पनी लि.<br>पुर्व अध्यक्ष – प्रभु लाईफ इन्स्योरेन्स लि.<br>अर्थशास्त्र प्राध्यापक, त्रिभुवन विश्वविद्यालय<br>म्यानेजमेन्ट कन्सल्टेन्ट, यू.एन.डि.पि.नेपाल<br>जनरल म्यानेजर, डाटा सिस्टम इन्टरनेशनल<br>कार्यकारी निर्देशक : राष्ट्रिय सुचना प्रविधि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | केन्द्र, सञ्चार तथा सुचना प्रविधि मन्त्रालय<br>सदस्य सचिव :<br>उच्चस्तरीय सुचना तथा प्रविधि आयोग<br>प्रवन्ध संचालक :<br>कम्प्युटर सिस्टम एण्ड इन्टिग्रेटेड टेक्नोलोजि |
| २. | राजेन्द्र वस्ती,<br>उदिपुर-२ लमजुङ्ग | संचालक | नेपाली | २,२५,००० | एम.पि.ए. | लिवर्टी इनजी कम्पनी लिमिटेडमा २०७२ साल देखि हालसम्म सञ्चालक पदमा रहेको । | संचालक-दामराङ्ग एग्री इको टुरिजम प्रा.लि<br>संचालक–मनास्लु एजुकेसन इन्स्टिच्युट प्रा.लि.<br>अध्यक्ष–एड्भेन्चर मोनालिसा ट्राभल्स एण्ड टुर्स प्रा.लि. |
| ३. | पुरुषोत्तम घिमिरे<br>बन्दीपोखरा-५, पाल्पा । | संचालक | नेपाली | २०,००० | एम.ए. | लिवर्टी इनजी कम्पनी लिमिटेडमा २०८० साल देखि हालसम्म सञ्चालक पदमा रहेको । | वरिष्ठ योजना सल्लाहकार -<br>एस.पि.आई. एन<br>परामर्शदाता - निति फाउन्डेसन<br>परामर्शदाता -<br>यु.एन.सि.सि. ए<br>पुर्व कार्यरत संस्थाहरु<br>सहसचिव - राष्ट्रिय योजना आयोग<br>सहसचिव -<br>वातावरण मन्त्रालय |
| ४. | कविता पोखेल<br>का.म.न.पा-४<br>काठमाण्डौं । | संचालक | नेपाली | २,००० | एम.ए | लिवर्टी इनजी कम्पनी लिमिटेडमा २०८० साल देखि हालसम्म सञ्चालक पदमा रहेको, सिर्जनशिल उर्जा कम्पनी प्रा.लि. जलशक्ति हाइड्रो कम्पनी प्रा.लि<br>हिमशिला पावर कम्पनी प्रा.लि.<br>रुवि भ्याली हाइड्रो कम्पनी लि. मा संचालक पदमा कार्य गरेकोमा हाल नरहेको । | संचालक - आशा लघु वित्तिय वित्तिय संस्था लि.<br>सचिव - स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपाल (IPPAN)<br>पुर्व कार्यरत संस्थाहरु<br>अध्यक्ष - सिर्जनशिल उर्जा कम्पनी प्रा.लि.<br>संचालक - जलशक्ति हाइड्रो कम्पनी प्रा.लि<br>अध्यक्ष - हिमशिला पावर कम्पनी प्रा.लि.<br>संचालक - रुवि भ्याली हाइड्रो कम्पनी लि. |
| ५. | कामना होल्डिङ्स प्रा.लि.<br>का.म.न.पा. -११, काठमाण्डौं<br>(प्रतिनिधि लोचन कोइराला) | संचालक<br>(सर्वसाधारण समुह) | नेपाली | ३०० | लागु नहुने | लागु नहुने | लागु नहुने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६. | अनुज्ञा सापकोटा<br>का.म.न.पा-३२<br>काठमाण्डौं । | स्वतन्त्र संचालक | नेपाली | - | एम.एस.सि. (हाइड्रोपावर) | लिवर्टी इनजी कम्पनी लिमिटेडमा २०८० साल देखि हालसम्म स्वतन्त्र सञ्चालक रहेको । | संचालक - आध्यान्त इन्जिनियरिङ्ग प्रा.लि.<br>पूर्व कार्यरत संस्थाहरु<br>प्रोजेक्ट म्यानेजर - हाइड्रो कन्सल्ट इन्जिनियरीङ्ग लि. |

नोट : कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था बमोजिम कम्पनीमा ७ जनाको संचालक समिति रहने व्यवस्था रहेकोमा हाल ६ जना मात्र संचालक रहेको । संचालक श्री श्याम बहादुर खडकाले कम्पनीमा राजिनामा पेश गरेकोमा कम्पनीको मिति २०८१/०५/१२ मा बसेको संचालक समितिको बैठकले राजिनामा स्विकृत गरेको ।

कम्पनीले पालना गर्नुपर्ने सुचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धि निर्देशिका २०७४ तथा कम्पनी ऐन २०६३ बमोजिमको कम्पनीले र हामी संचालकहरुले पालना गर्नुपर्ने सम्पूर्ण व्यवस्थाहरुको पूर्ण पालना गरिएको उद्घोषण गर्दछौं ।

कम्पनीको कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता र अनुभव देहाय बमोजिम रहेको छ ।

यस कम्पनीमा हाल प्रमुख कार्यकारी अधिकृतको व्यवस्था नभएको र कम्पनीको दैनिक काम कारवाही उप महाप्रबन्धक श्री धुब्र कुमार श्रेष्ठबाट हुने गरेको ।

| सि.नं | नाम, ठेगाना | पद | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|
| १. | ध्रुब कुमार श्रेष्ठ<br>चरिकोट १,<br>दोलखा | उप महाप्रबन्धक | नेपाली | ४,६६२ | स्नातकोत्तर | उप-महाप्रबन्धक - लिवर्टी इनर्जी कम्पनी लि.<br>पूर्व कार्यरत संस्थाहरु<br>प्रबन्ध संचालक - पांगार्पु हाइड्रोपावर प्रा.लि.<br>लेखा प्रशासन प्रमुख - नेपाल इकरात इन्जिनियरीङ्ग कम्पनी प्रा.लि. |

**ट) संचालक समितिको बनौट :**

कम्पनीको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ। कम्पनीमा महिला तथा स्वतन्त्र संचालकको व्यवस्था गरिएको छ। सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

| | |
|---|---|
| संस्थापक समूह शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ५ जना |
| सर्वसाधारण शेयरधनी तथा स्थानिय समूह अन्तर्गतका | १ जना |
| स्वतन्त्र संचालक | १ जना |
| **जम्मा** | **७ जना** |

कम्पनीका एक संचालकले राजिनामा पेश गरेकोमा कम्पनीको मिति २०८१/०५/१२ मा बसेको संचालक समितिको बैठकले राजिनामा स्विकृत गरेकोले हाल ६ जना मात्र संचालक रहेको ।

सञ्चालक समितिको गठन कम्पनी ऐन २०६३ को दफा ८६ को उपदफा (२) र कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार गरिएको छ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेशकी रकम :**

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीको हकप्रद शेयर निष्काशन पूर्व कम्पनीको सञ्चालक समितिको निर्णय अनुसार शेयरको दर्ता किताब बन्द गरेको मिति भन्दा अघिल्लो दिन सम्ममा शेयर खरीद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको शेयरको १ शेयर बराबर नयाँ ०.५० शेयर (१ :०.५०) को अनुपातमा प्रति शेयर रु. १००/- का दरले हुन आउने एकमुष्ठ रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । कुनै शेयरधनीको हाल कायम शेयर संख्यामा हकप्रद शेयरको गणना गर्दा १ कित्ता भन्दा कमको शेयर संख्या भएमा १ कित्ताको लागि आवेदन दिन सक्ने र हकप्रद शेयरको आवेदन दिने संख्या खण्डित रुपमा भएका माथिल्लो कित्ता बराबरले हुने शेयरको लागि आवेदन दिन सकिने व्यवस्था गरिएको साथै शेयर साविकका शेयरधनीले चाहेमा आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँड गरिनेछ ।

**ड) साविकका शेयरधनीले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था अनुसार अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ साथै सो सम्बन्धमा संचालक समितिमा समेत निर्णय गराएर मात्र लागु गरिनेछ । लिलाम बढाबढ गर्दा सबै शेयर खरीदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँट गर्नु पर्ने र बाँकी शेयर पुनः लिलाम बढाबढ गरिनेछ ।

**ढ) हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित अर्थात ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक अर्थात ४ कित्ताका (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु १०० कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ । तर साविक शेयरधनीले आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**ण) संगठित संस्थाको विगत तथा आगामी ३ बर्षको प्रक्षेपित वित्तिय विवरण तथा नेटवर्थ :**

**१. लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको विगत तीन आर्थिक बर्षको वित्तीय विवरण**

**वासलात**

| पूँजी तथा दायित्व | आ.ब. २०७७/०७८ | आ.ब.२०७८/०७९ | आ.ब. २०७९/०८० |
|---|---|---|---|
| | रकम रु. | रकम रु. | रकम रु. |
| शेयर पूँजी | १,५००,०००,०००.०० | १,५००,०००,०००.०० | १,५००,०००,०००.०० |
| जगेडा कोष | (१५०,९२४,३३८.१४) | (१७९,८०८,०००.८०) | (३६७,९६९,७९३.२१) |
| **जम्मा पूँजी** | **१,३४९,०७५,६६१.८६** | **१,३२०,१९१,९९९.२०** | **१,१३२,०३०,२०६.७९** |
| **दिर्घकालीन ऋण** | **३,०७५,२०१,११६.६०** | **३,९७७,८८८,७४०.१४** | **४,३६८,७०९,५६७.२८** |
| अल्पकालिन ऋण | ५८०,९९३,४०३.५० | ३८९,६१७,१७३.६७ | ४०९,९४०,१३७.१९ |
| व्यापार भुक्तानी | १९५,८४१,७७६.८५ | २७५,८९९,९३१.०१ | ३२१,८६८,७८३.४० |
| खर्च व्यवस्था | ९०,५३३,४५१.६८ | २६,१६०,९९४.८७ | ११२,४७९,६१८.९३ |
| अन्य चालु दायित्व | १,४९३,५६४.९१ | १६,८९४,२१८.१४ | २,१९९,५७९.४८ |
| **जम्मा चालु दायित्व** | **८६८,८६२,१९६.९४** | **७०८,५७२,३०७.६९** | **८४६,४८८,११९.००** |
| **कुल पूँजी तथा दायित्व** | **५,२९३,१३८,९७५.४०** | **६,००६,६५३,०४७.०३** | **६,३४७,२२७,८९३.०७** |
| **सम्पत्ति** | **रकम रु.** | **रकम रु.** | **रकम रु.** |
| सम्पत्ति, प्लाण्ट तथा उपकरण | २६,००५,७७०.०७ | २१,८८६,४२७.९१ | २०,८९६,३६०.०९ |
| अमूर्त सम्पत्ति | | | ६,०९०,३५७,८२८.४३ |
| अमूर्त सम्पत्ति कार्य प्रगति | ५,०८९,८४२,९८६.१८ | ५,८३८,२६६,७५५.३४ | - |
| परियोजना कार्य प्रगति | ५१,२४१,०४५.५१ | ६०,२७२,१९१.८१ | ७१,९२१,१५७.५० |
| अमुर्त सम्पत्ति | ३४,६७४.२१ | - | - |
| अन्य लगानि | - | १,०००,०००.०० | १,०००,०००.०० |
| अन्य गैर चालु सम्पत्ति | १,००५,०००.०० | १,०१५,०००.०० | ५४५,०००.०० |
| **जम्मा गैर चालु सम्पत्ति** | **५,१६८,१२९,४७५.९७** | **५,९२२,४४०,३७५.०६** | **६,१८४,७२०,३४६.०२** |
| जिन्सी मौज्दात | १,५६४,७००.०० | १,८०८,३२२.०० | २,४९७,३७४.३८ |
| व्यापार सम्पत्ति | - | - | १०१,४२६,६७१.६८ |
| नगद तथा नगद सरह | ५,८९७,१२९.४२ | १९,११७,५५३.३१ | ५२९,४७५.२० |
| अन्य चालु सम्पत्ति | ११७,५४७,६७०.०१ | ६३,२८६,७९६.६६ | ५८,०५४,०२५.७९ |
| **जम्मा चालु सम्पत्ति** | **१२५,००९,४९९.४३** | **८४,२१२,६७१.९७** | **१६२,५०७,५४७.०५** |
| **कुल सम्पत्ति** | **५,२९३,१३८,९७५.४०** | **६,००६,६५३,०४७.०३** | **६,३४७,२२७,८९३.०७** |

| नाफा-नोक्सान हिसाब | | | |
|---|---|---|---|
| विवरण | आ.ब.२०७७/०७८ | आ.ब. २०७८/०७९ | आ.ब. २०७९/०८० |
| | रकम रु. | रकम रु. | रकम रु. |
| आम्दानी | - | - | ३५०,०३८,२९९.४३ |
| अन्य आम्दानी | | | १३५,७५०.०० |
| **जम्मा आम्दानी** | - | - | ३५०,१७४,०४९.४३ |
| **खर्चहरु** | - | - | - |
| ह्रास कट्टी (Depreciation) | ३,२३७,३७१.२९ | ४,६८२,८८२.८३ | ४,४९९,७४६.१६ |
| अमुर्त सम्पत्ति परिसोधन | ११,४६९.५० | ११,४६९.५० | १३१,५९८,०५१.६१ |
| अमुर्त सम्पत्तिको हानि | - | २३,२०४.७१ | - |
| कर्मचारी सुविधा खर्च | ११,१५४,६२३.५३ | १३,६०७,०४७.६३ | १८,५१५,५४९.८७ |
| प्रशासकीय तथा अन्य संचालन खर्चहरु | १३,८१९,९९२.०९ | १०,५५९,०५७.९९ | २९,०३०,७९८.८५ |
| **सञ्चालन मुनाफा/नोक्सान** | **(२८,२२३,४५६.४१)** | **(२८,८८३,६६२.६६)** | **१६६,५२९,९०२.९४** |
| ब्याज/वित्तिय खर्च | १०,३६०,५७८.०७ | - | ३५४,६९१,६९५.३५ |
| **कर अधिको मुनाफा/नोक्सान** | (३८,५८४,०३४.४८) | (२८,८८३,६६२.६६) | (१८८,१६१,७९२.४१) |
| कर व्यवस्था | - | - | - |
| **खुद नाफा/नोक्सान** | **(३८,५८४,०३४.४८)** | **(२८,८८३,६६२.६६)** | **(१८८,१६१,७९२.४१)** |
| प्रति शेयर आम्दानी | (२.५७) | (१.९३) | (१२.५४) |

**नगद प्रवाह विवरण**

| विवरण | आ.ब.२०७७/०७८ | आ.ब. २०७८/०७९ | आ.ब. २०७९/०८० |
|---|---|---|---|
| | रकम रु. | रकम रु. | रकम रु. |
| **क.सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | |
| **कर अधिको मुनाफा** | (३८,५८४,०३४.४८) | (२८,८८३,६६२.६६) | (१८८,१६१,७९२.४१) |
| **समायोजन :** | | | |
| सम्पत्तिमा ह्रास कट्टी | ३,२३७,३७१.२९ | ४,६८२,८८२.८३ | ४,४९९,७४६.१६ |
| अमुर्त सम्पत्ति परिसोधन | ११,४६९.५० | ११,४६९.५० | १३१,५९८,०५१.६१ |
| वित्तिय खर्च | ३२८,७१५,७४३.४९ | ३७४,८५०,०६७.९२ | ३५४,६९१,६९५.३५ |
| अमुर्त सम्पत्तिको हानि | - | २३,२०४.७१ | - |
| अन्य आम्दानी | - | - | (४२,७५०.००) |
| **क्रियाशील पूँजीमा परिवर्तनहरु** | | | |
| व्यापार सम्पत्ति (वृद्धि)/कमी | | | (१०१,४२६,६७१.६८) |
| अन्य सम्पत्तिमा (वृद्धि)/कमी | (३१,२४६,११६.४४) | ५४,२६०,८७३.३५ | ५,२३२,७७०.८७ |
| चालु जिन्सी मौज्दातमा (वृद्धि)/कमी | (१,५६४,७००.००) | (२४३,६२२.००) | (६८९,०५२.३८) |
| खर्च व्यवस्था (वृद्धि)/कमी | (१०,८२९,५८३.८४) | (६४,३७२,४६६.८१) | ११२,२५५,७८०.४२ |
| व्यापार भुक्तानीमा (वृद्धि)/कमी | १७१,८१३.२३ | ८०,०५८,१५४.१६ | २२,५२०,३५९.९२ |
| अन्य चालु दायित्वमा वृद्धि/(कमी) | (५,८७०,७९९.०८) | १५,४००,६५३.२३ | (१७,१८३,२९२.५५) |
| **संचालन गतिविधिहरुबाट खुद नगद प्रवाह** | **२४४,०४१,१६३.६७** | **४३५,७८७,५५४.२३** | **३२३,२९४,८४५.३१** |
| **ख. लगानी गतिविधिहरुबाट नगद प्रवाह** | | | |
| जायजेथा तथा उपकरणको खरिद/निसर्ग | (१३,६५२,४२६.२५) | (५६३,५४०.६७) | (३,५०९,६७८.३४) |

| | | | |
|---|---|---|---|
| लगानी | - | (१,०००,०००.००) | - |
| लगानी आम्दानी | - | - | ४२,७५०.०० |
| अन्य गैर चालु सम्पतिको (थप) घट | (१,०००,०००.००) | (१०,०००.००) | ४७०,०००.०० |
| अमूर्त सम्पत्ति कार्य प्रगतिको (थप)/घट | (५६५,१७१,९७३.६८) | (७४८,४२३,७६९.१६) | (३८३,६८९,१२४.७०) |
| आयोजना कार्य प्रगतिको (थप)/घट | (९,८७७,२३२.९१) | (९,०३१,१४६.३०) | (११,६४८,९६५.६९) |
| **लगानी गतिविधिहरुबाट खुद नगद प्रवाह** | **(५८९,७०१,६३२.८४)** | **(७५९,०२८,४५६.१३)** | **(३९८,३३५,०१८.७३)** |
| **ग. वित्तीय गतिविधिहरुबाट भएको नगद प्रवाह** | | | |
| शेयर पूँजी जारी | ३७५,०००,०००.०० | - | - |
| सापटी/(भुक्तानी) | ३०४,०५६,९२८.६३ | ७११,३११,३९३.७१ | ४११,१४३,७९०.६६ |
| शेयर आवेदन शुल्कको थप/घट | - | - | - |
| लाभांस भुक्तानी | - | - | - |
| वित्तिय खर्च | (३२८,७१५,७४३.४९) | (३७४,८५०,०६७.९२) | (३५४,६९१,६९५.३५) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **३५०,३४१,१८५.१४** | **३३६,४६१,३२५.७९** | **५६,४५२,०९५.३१** |
| **नगदमा भएको कुल बृद्धि र कमी** | **४,६८०,७१५.९७** | **१३,२२०,४२३.८९** | (१८,५८८,०७८.११) |
| वर्षारम्भमा नगद तथा बैंक मौज्दात | १,२१६,४१३.४५ | ५,८९७,१२९.४२ | १९,११७,५५३.३१ |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **५,८९७,१२९.४२** | **१९,११७,५५३.३१** | **५२९,४७५.२०** |

**स्वः पूँजीमा भएको परिवर्तनको विवरण**

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम/ साधारण कोष | जगेडा कोष | जम्मा |
|---|---|---|---|---|
| **आषाढ मसान्त २०७७ सम्म** | **१,१२५,०००,०००.००** | **-** | **(११२,३४०,३०३.६६)** | **१,०१२,६५९,६९६.३४** |
| जारी गरिएको नयाँ शेयर | ३७५,०००,०००.०० | - | - | ३७५,०००,०००.०० |
| शेयर निष्काशन खर्च | - | - | - | - |
| वार्षिक खुद नाफा/(नोक्सान) | - | - | (३८,५८४,०३४.४८) | (३८,५८४,०३४.४८) |
| लाभांस वितरण | - | - | - | - |
| **आषाढ मसान्त २०७८ सम्म** | **१,५००,०००,०००.००** | **-** | **(१५०,९२४,३३८.१४)** | **१,३४९,०७५,६६१.८६** |
| जारी गरिएको नयाँ शेयर | - | - | - | - |
| शेयर निष्काशन खर्च | - | - | - | - |
| वार्षिक खुद नाफा/(नोक्सान) | - | - | (२८,८८३,६६२.६६) | (२८,८८३,६६२.६६) |
| लाभांस वितरण | - | - | - | - |
| **आषाढ मसान्त २०७९ सम्म** | **१,५००,०००,०००.००** | **-** | **(१७९,८०८,०००.८०)** | **१,३२०,१९१,९९९.२०** |
| जारी गरिएको नयाँ शेयर | - | - | - | - |
| शेयर निष्काशन खर्च | - | - | - | - |
| वार्षिक खुद नाफा/(नोक्सान) | - | - | (१८८,१६१,७९२.४१) | (१८८,१६१,७९२.४१) |
| लाभांस वितरण | - | - | - | - |
| **आषाढ मसान्त २०८० सम्म** | **१,५००,०००,०००.००** | **-** | **(३६७,९६९,७९३.२१)** | **१,१३२,०३०,२०६.७९** |

**२. कम्पनीको आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण**

| पूँजी तथा दायित्व | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | **२०८१/०८२** | **२०८२/०८३** | **२०८३/०८४** |
| शेयर पूँजी | २,२५०,०००.०० | २,२५०,०००.०० | २,२५०,०००.०० |
| जगेडा कोष | (५९८,१३१.०६) | (५४६,५३१.६२) | (४५१,३१८.७६) |
| **जम्मा पूँजी** | **१,६५१,८६८.९४** | **१,७०३,४६८.३८** | **१,७९८,६८१.२४** |
| दिर्घकालीन ऋण | ४,३०५,२३७.१० | ४,०२१,०८९.८७ | ३,६७८,८९३.५६ |

| | | | |
|---|---|---|---|
| **जम्मा गैरचालु दायित्व** | **४,३०५,२३७.१०** | **४,०२१,०८९.८७** | **३,६७८,८९३.५६** |
| अल्पकालिन ऋण | ४९,२३९.३० | ४९,२३९.३० | ४९,२३९.३० |
| व्यापार तथा अन्य भुक्तानी | ४१,९१९.१६ | ४२,१६३.२९ | ४२,४१७.३८ |
| खर्च व्यवस्था | ४८,०८०.७२ | ४३,३९०.३७ | ४७,६८८.२१ |
| अन्य चालु दायित्व | १,८४१.३३ | २,६४७.११ | ३,५४८.५८ |
| **जम्मा चालु दायित्व** | **१४१,०८०.५२** | **१३७,४४०.०८** | **१४२,८९३.४७** |
| **कुल पूँजी तथा दायित्व** | **६,०९८,१८६.५६** | **५,८६१,९९८.३३** | **५,६२०,४६८.२७** |
| **सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट तथा उपकरण | ५,६७७,३२३.६१ | ५,४४७,७४१.१३ | ५,२१८,७४२.४८ |
| परियोजना कार्य प्रगति | ९१,२१२.८५ | ९१,२१२.८५ | ९१,२१२.८५ |
| लगानी | १२०,५२९.०० | १२०,५२९.०० | १२०,५२९.०० |
| अन्य गैर चालु सम्पत्ति | ५४५.०० | ५४५.०० | ५४५.०० |
| अन्य लगानि | १,०००.०० | १,०००.०० | १,०००.०० |
| **जम्मा गैर चालु सम्पत्ति** | **५,८९०,६१०.४६** | **५,६६१,०२७.९८** | **५,४३२,०२९.३३** |
| नगद तथा नगद सरह | १८,९८०.२२ | १०,३२३.७२ | १४,२९२.१० |
| जिन्सी मौज्दात | ५,२९४.३२ | ५,४४०.५३ | ५,५९४.५५ |
| अन्य चालु सम्पत्ति | ६,४४३.९४ | ३,०३२.५३ | ७६२.५७ |
| व्यापारीक आसामी पेश्की तथा धरौटी | १७६,८५७.६३ | १८२,१७३.५७ | १६७,७८९.७१ |
| **जम्मा चालु सम्पत्ति** | **२०७,५७६.१०** | **२००,९७०.३६** | **१८८,४३८.९४** |
| **कुल सम्पत्ति** | **६,०९८,१८६.५६** | **५,८६१,९९८.३३** | **५,६२०,४६८.२७** |

| **नाफा-नोक्सान हिसाब** | **प्रक्षेपित (रु.हजारमा)** | | |
|---|---|---|---|
| | **२०८१/०८२** | **२०८२/०८३** | **२०८३/०८४** |
| विक्रि आम्दानी | ७५६,३३१.१८ | ७७७,२१८.४४ | ७९९,२२१.८० |
| अन्य आम्दानी | - | - | - |
| **जम्मा आम्दानी** | **७५६,३३१.१८** | **७७७,२१८.४४** | **७९९,२२१.८०** |
| **खर्चहरुः** | | | |
| बिक्रि लागत | ७४,९६४.१६ | ७६,३२५.०६ | ७७,७२५.७९ |
| **कुल नाफा** | **६८१,३६७.०१** | **७००,८९३.३८** | **७२१,४९६.०१** |
| प्रशासकीय तथा अन्य संचालन खर्चहरु | ३०,१६६.०९ | ३०,७६९.४१ | ३१,३८४.८० |
| **सञ्चालन मुनाफा/नोक्सान** | **६५१,२००.९२** | **६७०,१२३.९७** | **६९०,१११.२१** |
| ब्याज/वित्तिय खर्च | ४०९,९३१.०५ | ३८७,८८९.०० | ३६३,९५६.५९ |
| ह्रास कट्टी तथा परिसोधन | २३३,३२१.१५ | २२९,५८२.४८ | २२८,९९८.६४ |
| **आयकर तथा बोनस अधिको नाफा/(नोक्सान)** | **७,९४८.७२** | **५२,६५२.४९** | **९७,१५५.९८** |
| कर्मचारी बोनस | १५८.९७ | १,०५३.०५ | १,९४३.१२ |
| **आयकर अघिको नाफा/(नोक्सान)** | **७,७८९.७५** | **५१,५९९.४४** | **९५,२१२.८६** |
| आयकर व्यवस्था | - | - | - |
| चालु आ.व. को नाफा (नोक्सान) | **७,७८९.७५** | **५१,५९९.४४** | **९५,२१२.८६** |
| हकप्रद शेयर निस्कासन खर्च | (२,०००.००) | | |
| गत आ.व. को नाफा (नोक्सान) | (६०३,९२०.८१) | (५९८,१३१.०६) | (५४६,५३१.६२) |
| **खुद नाफा (नोक्सान)** | **(५९८,१३१.०६)** | **(५४६,५३१.६२)** | **(४५१,३१८.७६)** |

आ.व. २०८१/८२ को तुलनामा आ.व. २०८२/८३ मा आम्दानी बढ्नुको कारण : कम्पनी र नेपाल विद्युत प्राधिकरण बिच भएको विद्युत खरीद बिक्रि सम्झौता (PPA) बमोजिम व्यापारिक उत्पादन शुरु भएको १ वर्ष पश्चात विद्युत खरीद दरमा प्रत्येक वर्ष ३% का दरले ५ पटक सम्म मुल्य बृद्धि हुने कारणले आम्दानीमा समेत बृद्धि भएको छ। उक्त मुल्य वृद्धि तालिका यस विवरणपत्रको बुँदा नं. घ १ (छ) (ख) मा उल्लेख गरिएको छ।

| नगद प्रवाह विवरण | प्रक्षेपित (रु.हजारमा) | | |
|---|---|---|---|
| | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| **क.सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | |
| **कर अधिको मुनाफा** | **७,७८९.७५** | **५१,५९९.४४** | **९५,२१२.८६** |
| **समायोजन :** | | | |
| वित्तिय खर्च | ४०९,९३१.०५ | ३८७,८८९.०० | ३६३,९५६.५९ |
| सम्पत्तिमा ह्रास कट्टी तथा परिसोधन | २३३,३२१.१५ | २२९,५८२.४८ | २२८,९९८.६४ |
| **क्रियाशील पूँजीमा परिवर्तनहरु** | | | |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | (७४,६०८.०२) | (२,०५०.७५) | १६,४९९.८० |
| चालु दायित्वमा वृद्धि/(कमी) | (१८४,२१६.८३) | (३,६४०.४३) | ५,४५३.३९ |
| **संचालन गतिविधिहरुबाट खुद नगद प्रवाह** | **३९२,२१७.१०** | **६६३,३७९.७३** | **७१०,१२१.२८** |
| **ख. लगानी गतिविधिहरुबाट नगद प्रवाह** | | | |
| लगानी | - | - | - |
| अन्य गैर चालु सम्पतिको (थप) घट | - | - | - |
| अमूर्त सम्पत्ति कार्य प्रगतिको (थप)/घट | - | - | - |
| आयोजना कार्य प्रगतिको (थप)/घट | (४२,४००.००) | - | - |
| स्थिर सम्पत्तिको खरीद/पूजीँकरण | - | - | - |
| **लगानी गतिविधिहरुबाट खुद नगद प्रवाह** | **(४२,४००.००)** | **-** | **-** |
| **ग. वित्तीय गतिविधिहरुबाट भएको नगद प्रवाह** | | | |
| शेयर पूँजी जारी | ७५०,०००.०० | - | - |
| शेयर बापत अग्रिम भुक्तानी वृद्धि/(कमी) | (३५,९१८.२६) | - | - |
| हकप्रद शेयर निष्कासन खर्च | (२,०००.००) | - | - |
| सापटी/(भुक्तानी) | (६४५,६८२.९४) | (२८४,१४७.२३) | (३४२,१९६.३१) |
| अन्य सापटी | - | - | - |
| लाभांस भुक्तानी | - | - | - |
| वित्तिय खर्च | (४०९,९३१.०५) | (३८७,८८९.००) | (३६३,९५६.५९) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **(३४३,५३२.२६)** | **(६७२,०३६.२३)** | **(७०६,१५२.९०)** |
| **खुद नगद प्रवाह** | **६,२८४.८४** | **(८,६५६.५०)** | **३,९६८.३८** |
| वर्षारम्भमा नगद तथा बैंक मौज्दात | १२,६९५.३८ | १८,९८०.२२ | १०,३२३.७३ |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **१८,९८०.२२** | **१०,३२३.७३** | **१४,२९२.११** |

**पछिल्लो सार्वजनिक निष्कासनको अनुमान तथा उपलब्धि सम्बन्धी विवरण:**

**वासलात**

| | आ.ब.०७८/७९ | | |
|---|---|---|---|
| | वास्तविक | प्रक्षेपित | फरक प्रतिशत (%) |
| **शेयर पूँजी तथा दायित्व** | | | |
| शेयर पूँजी | १,५००,०००.०० | १,५००,०००.०० | ०% |
| जगेडा कोष | (१७९,८०८.००) | ४३६,७७५.१५ | (१४१.१७%) |
| जम्मा शेयर पूँजी | १,३२०,१९२.०० | १,९३६,७७५.१५ | (३१.८४%) |
| जम्मा ऋण तथा सापटी | ३,९७७,८८८.७४ | २,७८५,२७२.६७ | ४२.८२% |
| जम्मा चालु दायित्व | ७०८,५७२.३० | १०१,९५६.८० | ५९४.९७% |
| **कुल पूँजी तथा दायित्व** | **६,००६,६५३.०५** | **४,८२४,००४.६२** | **२४.५२%** |
| जम्मा स्थीर सम्पत्ति | ५,९२२,४४०.३८ | ४,३२६,५३०.८१ | ३६.८९% |
| जम्मा चालु सम्पत्ति | ८४,२१२.६७ | ४९७,४७३.८१ | (८३.०७%) |
| **कुल सम्पत्ति** | **६,००६,६५३.०५** | **४,८२४,००४.६२** | **२४.५२%** |

**नाफा- नोक्सान हिसाब**

| विवरण | आ.ब.०७८/७९ | | |
|---|---|---|---|
| | वास्तविक | प्रक्षेपित | फरक प्रतिशत (%) |
| **जम्मा आम्दानी** | **-** | ७८१,८५६.२४ | **(१००%)** |
| उत्पादन खर्च | - | ३९,७६०.०३ | (१००%) |
| **खुद नाफा** | **-** | ७४२,०९६.२० | (१००%) |
| प्रशासनिक खर्च | २४,१६६.११ | ४४,४८७.२८ | (४५.६८%) |
| **सचांलन नाफा** | **(२४,१६६.११)** | ६९७,६०८.९३ | **(१०३.४६%)** |
| गैर सचांलन खर्चहरु | ४,७१७.५५ | ४९७,९२६.०३ | (९९.०५%) |
| **कर र बोनस अघिको नाफा/(नोक्सानी)** | **(२८,८८३.६६)** | १९९,६८२.९० | **(११४.४६%)** |
| कर्मचारी बोनसको व्यवस्था | - | ३,९९३.६६ | (१००%) |
| **कर अघिको नाफा/(नोक्सानी)** | **(२८,८८३.६६)** | १९५,६८९.२४ | **(११४.७६%)** |
| **खुद नाफा / (नोक्सानी)** | **(२८,८८३.६६)** | १९५,६८९.२४ | **(११४.७६%)** |

यस कम्पनीले सर्वसाधारणको लागि शेयर निष्काशन गर्दा कम्पनीबाट प्रवर्द्धित माथिल्लो दोर्दी ए जलविद्युत आयोजनाको विद्युत उत्पादन हुने सम्भावित मिति २०७६/१२/३० उल्लेख भएकोमा मिति २०७६ साल साउन र २०७८ साल असार महिनामा दोर्दी खोलामा आएको भिषण बाढी, विश्वब्यापी कोभिड महामारी तथा नेपाल विद्युत प्राधिकरणले निर्माण गर्नुपर्ने विद्युत प्रशारणका संरचनाहरु समयमा निर्माण हुन नसकी मिति २०७९/०८/१७ देखि बैकल्पिक व्यवस्था मार्फत विद्युत प्रशारण हुने गरी आयोजनाबाट विद्युत उत्पादन शुरु भएकोले आ.व. २०७९/८० बाट मात्र विद्युत बिक्री आम्दानी भएकोले आ.व. २०७६/७७, आ.व. २०७७/७८ र आ.व. २०७८/७९ को प्रक्षेपित वित्तीय विवरणहरु तथा कम्पनीको लक्ष्य तथा कार्यक्रमहरु प्राप्त हुन नसकेको ।

**३. कम्पनीको नेटवर्थ सम्बन्धि विवरण :**

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| चुक्ता पूँजी (हजारमा) | १,५००,००० | १,५००,००० | १,५००,००० | १,५००,००० | २,२५०,००० | २,२५०,००० | २,२५०,००० |
| जगेडा तथा कोषहरु (हजारमा) | (१५०,९२४.३४) | (१७९,८०८) | (३६७९६९.७९) | (६०३,९२०.८१) | (५९८,१३१.०६) | (५४६,५३१.६२) | (४५१,३१८.७६) |
| **कुल नेटवर्थ (हजारमा)** | **१,३४९,०७५.६६** | **१,३२०,१९२** | **१,१३२,०३०.२१** | **८९६,०७९.१९** | **१,६५१,८६८.९४** | **१,७०३,४६८.३८** | **१,७९८,६८१.२४** |
| शेयर संख्या (हजारमा) | १५,००० | १५,००० | १५,००० | १५,००० | २२,५०० | २२,५०० | २२,५०० |
| प्रति शेयर आम्दानी ( रु.) | (२.५७) | (१.९३) | (१२.५४) | (२२.१२) | ०.३५ | २.२९ | ४.२३ |
| प्रति शेयर नेटवर्थ (रु.) | ८९.९४ | ८८.०१ | ७५.४७ | ५९.७४ | ७३.४२ | ७५.७१ | ७९.९४ |
| प्रति शेयर चुक्ता पूँजी (रु.) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल (%) | (२.८६%) | (२.१९%) | (१६.६२%) | (३७.०२) | ०.४७ | ३.०३ | ५.२९ |
| निष्काशन पूर्वको प्रतिशेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्युनतम प्रतिफल प्रतिशतमा | | | | | (१०.०८%) | | |

**नोट :** कम्पनीको वित्तिय विवरण प्रक्षेपण बिगत वर्षको कारोबारको आधारमा कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणका आधारहरु तथा तरिका श्री बराल एण्ड के.सी. एसोसियट्सले पुनरावलोकन गर्नु भएको हो ।

**वित्तिय प्रक्षेपणका आधारहरु :**

**१. पुँजीगत खर्च :** यस कम्पनीले निर्माण गरेको माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजनाको आर्थिक वर्ष २०८०/८१ सम्मको कुल निर्माण लागत रु.६,३१,३९,२०,१०१/६९ रहेको छ । उक्त लागतलाई ऋण पूँजी अनुपात ७८:२२ रहेको छ ।

**२. विद्युत बिक्रिबाट हुने आम्दानी :**

| वर्ष | वार्षिक सुख्खा यामको इनर्जी | वार्षिक वर्षा यामको इनर्जी | इनर्जी दर (सुख्खा याम) | इनर्जी दर (वर्षा याम) | जम्मा इनर्जी | अतिरिक्त इनर्जी | जम्मा वार्षिक इनर्जी (१००%) | जम्मा वार्षिक इनर्जी (९५%) |
|---|---|---|---|---|---|---|---|---|
| | (गि.वा/घ) | (गि.वा/घ) | (रु.) | (रु.) | (मि. रु.) | (गि.वा/घ) | (मि. रु.) | (मि. रु.) |
| २०८१/८२ | २२.३९३ | ११४.३९० | ८.९० | ५.०९ | ७८१.८१ | ३.२२ | ७९६.१४ | ७५६.३३ |
| २०८२/८३ | २२.३९३ | ११४.३९० | ९.१६ | ५.२३ | ८०३.३८ | ३.२२ | ८१८.१३ | ७७७.२२ |
| २०८३/८४ | २२.३९३ | ११४.३९० | ९.४१ | ५.३८ | ८२६.१४ | ३.२२ | ८४१.२९ | ७९९.२२ |

माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजना मिति १७ मार्ग २०७९ बाट व्यापारिक उत्पादन शुरु भई हाल नेपाल विद्युत प्राधिकरणलाई विद्युत खरीद बिक्रि सम्झौता अनुसार विद्युत बिक्रि गरी आएको छ ।

उक्त सम्झौता अनुसार सुख्खा याम (पौष देखि चैतसम्म) मा रु. ८/४० र वर्षा याम (वैशाख देखि मार्ग सम्म) रु.४/८० प्रति किलोवाटको दरले बिक्रि गरिने छ । साथै संचालन भएको मितिबाट ५ वर्ष सम्म प्रत्येक वर्ष ३% को दरले मुल्यवृद्धि हुनेछ, सो अनुसार पाचौं वर्षबाट सुख्खा याममा रु.९/६६ र वर्षा याममा रु.५/५२ रहने छ । गत २ वर्षको तथ्यको आधारमा सुख्खा याममा बढि उत्पादन गर्न सकिने देखिएको हुँदा सो याममा सम्झौता अनुसारको विद्युत उत्पादनमा १४.३८ प्रतिशतले थप हुने र सो थप भएको विद्युत उत्पादनबाट नेपाल विद्युत प्राधिकरणबाट ५० प्रतिशतको दरले भुक्तानी हुने भएकोले आम्दानीमा ७.२% ले थप गरी बिक्री अनुमानित गरिएको छ । साथै, विद्युत खरीद बिक्रि सम्झौता अनुसार कुल इनर्जी र अतिरिक्त इनर्जी समेतको ९५% का दरले बिक्रि आम्दानी अनुमान गरिएको छ ।

**३. वित्तिय खर्च तथा ऋण भुक्तानी :** ऋण लगानीकर्ता बैंकसँग भएको सम्झौता अनुसार कर्जामा प्रत्येक महिनाको ब्याजको (Weightage Average) दरमा १.७५% थप गरी ब्याजदर कायम भएको र आ.व. २०८१/८२ बाट ९.००% का दरले ब्याज कायम गरी प्रस्ताव तयार गरिएको छ । ऋण लगानीकर्ता बैंकसँग माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजनाको लागि लिएको रु.४,९५,०९,२०,०४७.०८ दिर्घकालीन ऋण चुक्ताका लागि व्यापारिक उत्पादन भएको मितिबाट १५ वर्ष (६० किस्ता) मा ऋण तथा ब्याज चुक्ता गर्ने साथै चालु पूँजी बापत ऋणका लागि रु.४,९२,००,०००/- अनुमानि गरि वार्षिक १०.५% का दरले ब्याज अनुमान गरिएको छ । विद्युत केन्द्रलाई आवश्यक पर्ने पार्टपुर्जा मौज्दातको लागि कुल आम्दानीको ०.७% का दरले प्रस्ताव तयार गरिएको छ ।

**४. पुँजी बृद्धि तथा लगानी :** यस कम्पनीको मिति २०८०/०१/२५ को वार्षिक साधारण सभाको निर्णय तथा विद्युत नियमन आयोगबाट स्विकृत भए अनुसार २:१ का दरले हकप्रद शेयर आव्हान गरी रु.७५,००,००,०००/- पूँजी संकलन गर्ने र सो पश्चात यस कम्पनीको चुक्ता पूँजी आ.व. २०८१/८२ मा रु.२,२५,००,००,०००/- हुनेछ । उक्त रकमबाट कम्पनीद्धारा प्रवर्द्धित माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजना निर्माणका लागि भएको खर्चको बाँकी रकम भुक्तानी गर्न रु.१५,३२,००,०००/- र कम्पनीद्धारा प्रवर्द्धित लोदोखोला साना जलविद्युत आयोजनामा लगानी गर्न रु.४,२४,००,०००/- र बाँकी रकम रु.५५,४४,००,०००/- माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजनाको लागि लिइएको ऋण भुक्तानी गर्ने गरि प्रस्ताव तयार गरिएको छ ।

**५. ह्रासकट्टी/परिसोधनः** जलविद्युत आयोजना सम्बन्धी सम्पूर्ण खर्च रकमलाई आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र बहाल रहने अवधि वा विद्युत खरीद बिक्री सम्झौता बहाल रहने अवधि मध्ये जुन अघि समाप्त हुन्छ सो अवधिमा Straight Line Method मा ह्रास कट्टी गरिएको छ । साथै अन्य सम्पत्तिमा आयकर ऐन २०५८ मा उल्लेख भएको दर बमोजिम ह्रासकट्टी गरिएको छ । अन्य सम्पत्ती, प्लाण्ट तथा उपकरणहरुको मूल्य अघिल्लो बर्षको लेखापरिक्षण भएको वित्तीय विवरणबाट लिईएको र सोही दरमा ह्रासकट्टी गरिएको छ ।

**६. विद्युत रोयल्टी तथा जडित क्षमता रोयल्टी :** नेपाल सरकारको नियम अनुसार विद्युत बिक्रि रकममा पहिलो १५ बर्षको लागि २ प्रतिशत रोयल्टी र त्यसपश्चात बाँकी अवधिको लागि १० प्रतिशत विद्युत रोयल्टी व्यवस्था गरिएको साथै जडित क्षमता पहिलो १५ बर्षको लागि प्रति किलोवाटमा रु.१०० को दरले र त्यसपश्चात बाँकी अवधिको लागि रु.१००० का दरले जडित क्षमता रोयल्टी बापत खर्च व्यवस्था गराएको छ ।

७. **आयकर :** आयकर २०५८ मा व्यवस्था भएको निति बमोजिम जलविद्युत आयोजनालाई व्यवसाय संचालन भएको पहिलो १० वर्षका लागी १०० % आयकर छुट गरिएको हुनाले उक्त अवधिका लागि भएको नाफामा आयकर व्यवस्था गरिएको छैन साथै सो पश्चात आयकर ऐन २०५८ अनुसार आयकर व्यवस्था गरिएको छ ।

८. **अन्य खर्च :** संचालन तथा मर्मत खर्चमा वार्षिक २ %, बिमा बापत वार्षिक १ %, अन्य खर्चमा कुल आम्दानीको ०.११ %, प्रशासकीय खर्च बापत वार्षिक २ % ले बृद्धिका साथै कर्मचारी बोनस बापत खुद आम्दानीको २ % को दरले व्यवस्था गरिएको छ ।

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

यस कम्पनीको आ.व २०७९/८० को लेखापरीक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण देहाय अनुसार रहेको छः

**वासलात (आषाढ ३१, २०८०)**

| **पूँजी तथा दायित्व** | **रकम रु. (हजारमा)** |
|---|---|
| शेयर पूँजी | १,५००,०००.०० |
| जगेडा कोष | (३६७९६९.७९) |
| **जम्मा पूँजी** | **१,१३२,०३०.२१** |
| **दिर्घकालीन ऋण** | **४,३६८,७०९.५७** |
| अल्पकालिन ऋण | ४०९,९४०.१४ |
| व्यापार भुक्तानी | ३२,१८६८.७८ |
| खर्च व्यवस्था | ११२,४७९.६२ |
| अन्य चालु दायित्व | २१९९.५८ |
| **जम्मा चालु दायित्व** | **८४६,४८८.१२** |
| **कुल पूँजी तथा दायित्व** | **६,३४७,२२७.८९** |
| **सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट तथा उपकरण | ६१११,२५४.१९ |
| परियोजना कार्य प्रगति | ७१,९२१.१६ |
| अन्य गैर चालु सम्पत्ति | ५४५.०० |
| लगानी | १०००.०० |
| **जम्मा गैर चालु सम्पत्ति** | **६,१८४,७२०.३५** |
| नगद तथा नगद सरह | ५२९.४७ |
| मौज्दात | २४९७.३७ |
| अन्य चालु सम्पत्ति | ३९,९२४.३४ |
| व्यापारीक आसामी पेश्की तथा धरोटी | ११९,५५६.३६ |
| **कुल चालु सम्पत्ति** | **१६२,५०७.५४** |
| **कुल सम्पत्ति** | **६,३४७,२२७.८९** |

**नाफा-नोक्सान हिसाब (श्रावण १, २०७९ देखि आषाढ ३१, २०८०)**

| **विवरण** | **रु. (हजारमा)** |
|---|---|
| विक्रि आम्दानी | ३५०,०३८.३० |
| अन्य आम्दानी | १३५.७५ |
| **जम्मा आम्दानी** | **३५०,१७४.०५** |
| **खर्चहरुः** | |
| बिक्रि लागत | २६,६७१.४० |
| **कुल नाफा** | **३२३,५०२.६५** |
| प्रशासकीय तथा अन्य संचालन खर्चहरु | २०८७४.९४ |
| **सञ्चालन मुनाफा/नोक्सान** | **३०२,६२७.७०** |
| ब्याज/वित्तिय खर्च | ३५४,६९१.७० |
| ह्रास कट्टी तथा परिसोधन | १३६,०९७.८० |
| आयकर तथा बोनस अघिको नाफा (नोक्सान) | (१८८,१६१.७९) |
| कर्मचारी बोनस | - |

| | |
|---|---|
| आयकर व्यवस्था | - |
| चालु आ.व. को नाफा (नोक्सान) | (१८८,१६१.७९) |
| गत आ.व. को नाफा (नोक्सान) | **(१७९,८०८.००)** |
| **खुद नाफा (नोक्सान)** | **(३६७,९६९.७९)** |

## नाफा नोक्सान बाँडफाँड हिसाब (आषाढ ३१, २०८०)

| विवरण | रकम रु. हजारमा |
|---|---|
| कर पछिको नाफा/नोक्सानी | (१८८,१६१.७९)) |
| शुरु जगेडा | (१७९,८०८.००) |
| संस्थागत सामाजिक उत्तरदायित्वको व्यवस्था कोष | - |
| घटाउने शेयरधनीलाई लाभांस | - |
| **बासलातमा सारिएको जगेडा** | **(३६७,९६९.७९)** |

## नगद प्रवाह विवरण (श्रावण १, २०७९ देखि आषाढ ३१, २०८०)

| विवरण | रु.(हजारमा) |
|---|---|
| **क.सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| **कर अघिको मुनाफा** | **(१८८,१६१.७९)** |
| **समायोजन :** | |
| सम्पत्तिमा ह्रास कट्टी तथा परिसोधन | १३६,०९७.८० |
| वित्तिय खर्च | ३५४,६९१.७० |
| **क्रियाशील पूँजीमा परिवर्तनहरु** | |
| गैर चालु सम्पत्तिमा (वृद्धि) कमी | ४७०.०० |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | (९६,८८२.९५) |
| चालु जिन्सी मौज्दातमा (वृद्धि)/कमी | - |
| खर्च व्यवस्था (वृद्धि)/कमी | - |
| व्यापार भुक्तानीमा (वृद्धि)/कमी | - |
| चालु दायित्वमा वृद्धि/(कमी) | ११७,५९२.८५ |
| **संचालन गतिविधिहरुबाट खुद नगद प्रवाह** | **३२३८,०७.६०** |
| **ख. लगानी गतिविधिहरुबाट नगद प्रवाह** | |
| जायजेथा तथा उपकरणको खरिद/निसर्ग | (३९८,८४७.७७) |
| लगानी | **-** |
| अन्य गैर चालु सम्पतिको (थप) घट | - |
| अमूर्त सम्पत्ति कार्य प्रगतिको (थप)/घट | - |
| आयोजना कार्य प्रगतिको (थप)/घट | - |
| **लगानी गतिविधिहरुबाट खुद नगद प्रवाह** | **(३९८,८४७.७७)** |
| **ग. वित्तीय गतिविधिहरुबाट भएको नगद प्रवाह** | |
| शेयर पूँजी जारी | **-** |
| सापटी/(भुक्तानी) | ४११,१४३.७९ |
| शेयर आवेदन शुल्कको थप/घट | **-** |
| लाभांस भुक्तानी | - |
| वित्तिय खर्च | (३४५,६९१.७०) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **५६,४५२.१०** |
| **नगदमा भएको कुल बृद्धि र कमी** | **(१८,५८८.०८)** |
| वर्षारम्भमा नगद तथा बैंक मौज्दात | १९,११७.५५ |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **५२९.४८** |

**त (१). आर्थिक वर्ष समाप्त भए पछि हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी :** कम्पनीको आर्थिक बर्ष २०८०/८१ को लेखापरिक्षकबाट प्रमाणिकरण गरिएको अपरिष्कृत वित्तिय विवरण देहाय बमोजिम रहेको छ।

**वासलात (आषाढ ३१, २०८१)**

| **पूँजी तथा दायित्व** | **(रु.हजारमा)** |
|---|---|
| शेयर पूँजी | १,५००,०००.०० |
| शेयर बापतको अग्रिम भुक्तानी | ३५,९१८.२६ |
| जगेडा कोष | (६०३,९२०.८१) |
| **जम्मा पूँजी** | **९३१,९९७.४५** |
| दिर्घकालीन ऋण | ४,९५०,९२०.०५ |
| अल्पकालिन ऋण | ४९,२३९.३१ |
| व्यापार तथा अन्य भुक्तानी | १४३,०७४.८३ |
| खर्च व्यवस्था | १३१,३०२.६७ |
| अन्य चालु दायित्व | १,६८०.५३ |
| **जम्मा चालु दायित्व** | **५,२७६,२१७.३९** |
| **कुल पूँजी तथा दायित्व** | **६,२०८,२१४.८४** |
| **सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट तथा उपकरण | ५,९१०,६४४.७५ |
| परियोजना कार्य प्रगति | ४८,८१२.८५ |
| लगानी | १२०,५२९.०० |
| अन्य गैर चालु सम्पत्ति | ५४५.०० |
| अन्य लगानि | १,०००.०० |
| **जम्मा गैर चालु सम्पत्ति** | **६,०८१,५३१.६०** |
| नगद तथा नगद सरह | १२,६९५.३८ |
| जिन्सी मौज्दात | ३,२४९.१३ |
| अन्य चालु सम्पत्ति | ४०,९१२.४५ |
| व्यापारीक आसामी पेश्की तथा धरौटी | ६९,८२६.२८ |
| **जम्मा चालु सम्पत्ति** | **१२६,६८३.२४** |
| **कुल सम्पत्ति** | **६,२०८,२१४.८४** |

**नाफा-नोक्सान हिसाब (आषाढ ३१, २०८१)**

| **विवरण** | **रु. (हजारमा)** |
|---|---|
| विक्रि आम्दानी | ५४७,६१३.५२ |
| अन्य आम्दानी | १,२०१.४९ |
| **जम्मा आम्दानी** | **५४८,८१५.०१** |
| **खर्चहरु :** | |
| बिक्रि लागत | ६६,५८८.५४ |
| **कुल नाफा** | **४८२,२२६.४७** |
| प्रशासकीय तथा अन्य संचालन खर्चहरु | २९,५७४.६० |
| **सञ्चालन मुनाफा/नोक्सान** | **४५२,६५१.८७** |
| ब्याज/वित्तिय खर्च | ५५३,५७५.२२ |
| ह्रास कट्टी तथा परिसोधन | २३०,८०४.७९ |
| **आयकर तथा बोनस अघिको नाफा (नोक्सान)** | **(३३१,७२८.१४)** |
| कर्मचारी बोनस | - |
| आयकर व्यवस्था | - |
| चालु आ.व. को नाफा (नोक्सान) | **(३३१,७२८.१४)** |

## नाफा नोक्सान बाँडफाँड हिसाब (आषाढ ३१, २०८१)

| विवरण | रकम रु. हजारमा |
|---|---|
| कर पछिको नाफा/नोक्सानी | (३३१,७२८.१४) |
| शुरु जगेडा | (३६७,९६९.७९) |
| समायोजन | ९५,७७७.१२ |
| संस्थागत सामाजिक उत्तरदायित्वको व्यवस्था कोष | - |
| घटाउने शेयरधनीलाई लाभांस | - |
| **बासलातमा सारिएको जगेडा** | **(६०३,९२०.८१)** |

## नगद प्रवाह विवरण (आषाढ ३१, २०८१)

| | |
|---|---|
| **क.सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| **कर अघिको मुनाफा** | (३३१,७२८.१४) |
| **समायोजन :** | |
| सम्पत्तिमा ह्रास कट्टी तथा परिसोधन | २३०,८०४.७९ |
| वित्तिय खर्च | ५५३,५७५.२२ |
| लाभांस | (५०.००) |
| सम्पत्ति बिक्रि बापतको नाफा | (१,१५०.६७) |
| **क्रियाशील पूँजीमा परिवर्तनहरु** | |
| व्यापार आसामीमा (वृद्धि)/कमी | ३१,६००.३९ |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | १७,१४१.५८ |
| चालु जिन्सी मौज्दातमा (वृद्धि)/कमी | (७५१.७६) |
| खर्च व्यवस्था (वृद्धि)/कमी | १८,८२३.०५ |
| व्यापार भुक्तानीमा (वृद्धि)/कमी | (१४२,८७५.६९) |
| अन्य चालु दायित्वमा वृद्धि/(कमी) | (५१९,०४८.४०) |
| **संचालन गतिविधिहरुबाट खुद नगद प्रवाह** | **३७४,८६९.७४** |
| **ख. लगानी गतिविधिहरुबाट नगद प्रवाह** | |
| जायजेथा तथा उपकरणको खरिद/निसर्ग | १,८५५.०० |
| लाभांस | ५०.०० |
| स्थिर सम्पत्तिको खरीद/पूजीँकरण | (३,९७०.९२) |
| लगानी | (१,५४५.७७) |
| अमूर्त सम्पत्तिको खरीद/पूजीँकरण | (२८,३५४.२१) |
| अमूर्त सम्पत्ति कार्य प्रगतिको (थप)/घट | १,४२५.४५ |
| आयोजना कार्य प्रगतिको (थप)/घट | (९७.८०) |
| **लगानी गतिविधिहरुबाट खुद नगद प्रवाह** | **(३०,६३८.२५)** |
| **ग. वित्तीय गतिविधिहरुबाट भएको नगद प्रवाह** | |
| शेयर पूँजी जारी | - |
| सापटी/(भुक्तानी) वृद्धि/(कमी) | २२१,५०९.६५ |
| वित्तिय खर्च | (५५३,५७५.२२) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **(३३२,०६५.५८)** |
| **नगदमा भएको कुल बृद्धि र कमी** | **१२,१६५.९१** |
| **वर्षारम्भमा नगद तथा बैंक मौज्दात** | **५२९.४७** |
| **वर्षान्तमा नगद तथा बैंक मौज्दात** | **१२,६९५.३८** |

**त (२). धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवं संशोधन गर्नुपर्नेछ र त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्ने ।**

धितोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गरिनेछ ।

**थ) संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित जोखिमहरु :**

**(१) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

– संचालनमा रहेको जलविद्युत केन्द्र भएकोले नेपाल विद्युत प्राधिकरणबाट सम्पन्न भएको सम्झौता बमोजिम खरिद गर्ने भएकोले कम्पनीलाई वित्तिय अभावको जोखिम नरहेको ।

– नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने जोखिम रहेको ।

**(२) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

– जलश्रोतको मुहानमा वातावरणको कारण अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको ।

– नयाँ आयोजना निर्माण गर्दा निर्माण सामाग्री अभावको जोखिम रहेको ।

**(३) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

बजारको जोखिम नरहेको । यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने । नेपाल विद्युत प्रधिकरण पुर्णतया नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत विक्रीवाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।

**(४) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम :** कम्पनीद्धारा प्रवर्द्धित आयोजना निर्माण सम्पन्न भईसकेकोले सो को जोखिम नभएको ।

**(५) विदेशी विनिमयको जोखिम :**

विद्युत आयोजना निर्माण सम्पन्न भईसकेको तथा नेपाली मुद्रामा विद्युत खरीद सम्झौता भएकोले विदेशी विनिमयको जोखिम नरहेको ।

**(६) कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू :**

हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरि सकेको र प्राप्त गर्नुपर्ने सम्पुर्ण इजाजतपत्रहरु प्राप्त गरि सकेकोले सो जोखिम नरहेको ।

**(७) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

नेपाल विद्युत प्राधिकरणसंग आयोजना अवधि भरको विद्युत खरीद सम्झौता भइसकेकोले अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दीको जोखिम नरहेको ।

**(८) सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिमः**

कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नितिगत परिबर्तन भएमा यस्ता जोखिम रहने तर हाल कम्पनीले सम्पुर्ण कर, भन्सार तथा विद्युतिय उपकरणहरु आयात गरिसकेको हुनाले यस्तो जोखिम नरहने ।

**(९) सञ्चालन अनुभवको अभाव :** विगत २ वर्ष देखि आयोजना संचालन भईरहेकोले संचालन अनुभवको अभाव नरहेको ।

**(१०) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**

उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखिम कम व्यवसाय हो । तथापी भविष्यमा अन्य श्रोतबाट विद्युत उत्पादन भएमा भने केही हदसम्म यस व्यवसायमा असर पार्ने जोखिम रहेको छ ।

**(११) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :**

परियोजनाको पुर्वाधार निर्माणको काम हाल शत प्रतिशत पुरा भैसकेको हुनाले यस्तो जोखिम नरहेको

**(१२) अन्य :**

– दैविक प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको ।

– देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

– पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

– बैंक ब्याजदरमा हुने परिवर्तनका कारणले हुन सक्ने सम्भावित वित्तिय जोखिम ।

**(१३) सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :**

नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको व्यवस्थापनको धारण रहेको छ । पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारण ब्यबस्थापनको रहेको छ । सम्भावित जोखिम न्यूनिकरण गर्न आयोजनामा प्रयोग भएका सम्पत्तीहरुको ह्रास खर्चको व्यवस्था साथै, जलविद्युत केन्द्रका संरचना, मेसिन, औजार र उपकरणहरुको विमा समेत गरिएको छ । कम्पनीद्धारा संचालित माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजना र अन्य स्थानमा रहेको सम्पत्ति समेत समेटिने गरिएको विमाको विवरण निम्न बमोजिम रहेको छ :

| क्र. सं. | बीमा पोलिसीको नाम | बीमा गरिएको मिति | बीमा कायम रहने अवधि | बीमा गरिएको कम्पनी | बीमाङ्क रकम | बीमा प्रिमियम रकम |
|---|---|---|---|---|---|---|
| १. | सम्पत्ति बीमालेख | १ जुन, २०२४ | ३१ मे, २०२५ | आईजिआई प्रुडेन्सियल इन्स्योरेन्स लि | ३,६०,२५,०४,९६६/५२ | ८६,०४,७३८/२० |
| २. | सम्पत्ति बीमालेख (ट्रान्समिसन लाइन) | १ जुन, २०२४ | ३१ मे, २०२५ | | ६८,१४,६२३/२० | २४,५१७/६० |
| ३. | सम्पत्ति बीमालेख (केन्द्रिय कार्यालय) | ५ जुन, २०२४ | ३१ मे, २०२५ | | ५०,८७,२३१/५० | १२,१७१/०४ |
| ४. | Loss of Profit (Property) Insurance | १ जुन, २०२४ | ३१ मे, २०२५ | | ७६,५०,६७,५८४/०२ | ४०,२४,३९०/२५ |
| ५. | Machinery Breakdown Insurance | १ जुन, २०२४ | ३१ मे, २०२५ | | ७९,७१,२६,१७६/८४ | ८१,०६,७९२/२९ |
| ६. | Public Liability Insurance | १ जुन, २०२४ | ३१ मे, २०२५ | | ८०,००,०००/०० | ४०,७००/०० |

साथै, उल्लेखित आयोजना निर्माण सम्पन्न भई संचालन भए पश्चात हालसम्म खोलामा आउने बाढी, पहिरो लगायतका प्राकृतिक विपत्तिले कुनै असर नगरेको र आयोजना नियमित संचालनरत रहेको ।

**(१४) धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम** :

रु. १००/- (प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**(द) धितोपत्र बाँडफाँड सम्बन्धी व्यवस्था :**

कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरीद आव्हान गरेको शेयर बिक्री बन्द भए पश्चात "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४" ले निर्धारित गरेको समय भित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिनेछ । निष्काशन गरिएको हकप्रद शेयर पूर्ण रुपमा बिक्री नभएमा, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा रहेको तल उल्लेखित व्यवस्था अनुरुप बाँकी रहेको शेयरहरू निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गरिने छ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २१ मा रहेको व्यवस्था लिलाम बढाबढ गर्नु पर्ने :**

(१) हकप्रद शेयर बिक्रीको लागि खुला गरिएको अवधिभित्र सम्पूर्ण शेयर बिक्री हुन नसकी बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयर सम्बन्धित संगठित संस्थाले बाँडफाँड भएको सात दिन भित्र लिलाम बढाबढका लागि सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लिलाम बढाबढको सूचना दिँदा बोलकबोलका लागि बढीमा पन्ध्र दिनको सूचना प्रकाशित गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम बोलकबोलको अवधि समाप्त भएको सात कार्य दिनभित्र लिलाम बढाबढ गरी बाँडफाँड गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम बाँडफाँड भएको सात कार्य दिन भित्र सम्बन्धित लगानीकर्तालाई बाँडफाँडपत्र सहित रकम फिर्ता भुक्तानी गरिसक्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम लिलाम बढाबढमा सबै शेयर बिक्री नभएमा बोर्डलाई जानकारी गराई उपनियम (४) बमोजिम फिर्ता भुक्तानी सम्पन्न भएको सात दिन भित्र पुनः लिलाम बढाबढको सूचना प्रकाशन गर्नु पर्नेछ ।

**धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को दफा १५ मा रहेको व्यवस्था हकप्रद शेयर लिलाम बढाबढ गर्ने प्रक्रिया :**

(१) हकप्रद शेयर खुला अवधिमा सम्पूर्ण शेयर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहेको शेयरहरू निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्डलाई जानकारी गराई लिलाम बढाबढमा बिक्री गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिक्री गर्दा खरीद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम लिलाम प्रक्रिया गर्दा देहायका अवस्थाहरू पूरा गर्नु पर्नेछ :-

- (क) सबै समूहको (संस्थापक, सर्वसाधारण र अन्य) लिलाम प्रक्रिया एकै पटक गर्नु पर्ने,
- (ख) अङ्कित मूल्यमा बढाबढ गर्नु पर्ने,
- (ग) हकप्रद शेयर लिलाम बढाबढबाट बिक्री गर्ने सम्बन्धी सूचना बिक्री खुला हुनु भन्दा कम्तिमा सात दिन अगाडि कुनै दुईवटा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्नु पर्ने,
- (घ) खण्ड (ग) बमोजिम प्रकाशित सूचनाको संक्षिप्त विवरण (बिक्री गर्न लागिएको शेयर संख्या, न्यूनतम मूल्य, कम्पनीको नाम र विस्तृत विवरण प्रकाशन गरिएको पत्रिकाको नाम तथा प्रकाशित मिति) समावेश भएको सूचना देहाय बमोजिम प्रकाशन गर्नु पर्ने :-
  - १. बिक्री खुला हुनुभन्दा तीन दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख अनलाईन पत्रिकामा,
  - २. बिक्री खुला हुनुभन्दा दुई दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख एफएम रेडियामा,
  - ३. बिक्री खुला हुनुभन्दा एक दिन अगाडि : कम्तीमा दुईवटा प्रमुख राष्ट्रिय आर्थिक पत्रिकामा,
- (ङ) खण्ड (घ) बमोजिम प्रकाशित सूचना निष्काशन तथा बिक्री प्रबन्धक र सम्बन्धित कम्पनीको वेवसाइटमा राख्नु पर्ने,
- (च) लिलाम बढाबढको दरखास्त लिने अवधि कम्तीमा सात कार्य दिन राख्नु पर्ने,
- (छ) लिलाम बढाबढ गर्दा लिलाम सम्बन्धी सामान्य सिद्धान्त अनुशरण गर्नु पर्ने,
- (ज) लिलाम बढाबढ गर्दा सबै शेयर खरीदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँड गर्नु पर्ने र बाँकी शेयर पुनः लिलाम बढाबढ गर्नु पर्ने,
- (झ) लिलाम बढाबढमा शेयर खरीदका लागि दरखास्त दिने आवेदकले फिर्ता भुक्तानी पाउने रकम फिर्ता गर्ने कार्य तीन दिन भित्र शुरु गर्नु पर्ने,
- (ञ) लिलाम बढाबढ गरिएका शेयरका सम्बन्धमा विस्तृत विवरण सहित उक्त लिलामबाट प्राप्त हुने रकम मध्ये बोर्डमा धितोपत्र दर्ता गर्दा उल्लेखित रकम भन्दा बढी भएको रकमको नियमावलीको व्यवस्था बमोजिम थप दर्ता शुल्क सात कार्य दिन भित्र बुझाउनुपर्ने ।

**(ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समय भित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा– नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

- क) कम्पनीको कार्यालय : का.म.न.पा.-२९, कालिकास्थान, काठमाण्डौं ।
- ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं ।

**(न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण :** प्रत्याभुति नगरिएको ।

**(प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयर “धितोपत्र निष्कासन तथा बाँडफाँड निर्देशिका, २०७४” को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्कासनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिनभित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

**(फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

कम्पनीको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

**(ब) हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

१) जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १:०.५० को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ ०.५० कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

२) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु)/हितग्राही खाता नम्बर, आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

३) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

- (क) आवेदकको पूरा नाम नेपाली तथा अंग्रेजी दुबैमा उल्लेख गर्नुपर्नेछ ।
- (ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम उल्लेख गर्नुपर्नेछ ।
- (ग) आवेदक विवाहित भएमा श्रीमान् वा श्रीमतीको नाम उल्लेख गर्नुपर्नेछ ।

(घ) आवेदकको स्थायी ठेगाना उल्लेख गर्नुपर्नेछ ।
(ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोबाइल नम्बर उल्लेख गर्नुपर्नेछ ।
(च) आवेदकको खाता रहेको बैङ्क वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
(छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट) खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
(ज) आवेदकले लिन चाहेको शेयर सङ्ख्या तथा सो वापत जम्मा गरेको रकम स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
(झ) आवेदकको हस्ताक्षर (नाबालकको हकमा अभिभावकको हस्ताक्षर) हुनुपर्ने ।
(ञ) आवेदन फाराम बुझाएको सङ्कलन केन्द्रको नाम तथा ठेगाना उल्लेख गर्नुपर्नेछ ।
(ट) आवेदन फाराम बुझाएको मिति उल्लेख गर्नुपर्नेछ ।

४) दरखास्तसाथ प्रति शेयर रु. १००/- को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत्‌रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

५) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात्‌शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।
शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

६) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

७) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

८) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

९) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

१०) रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।

११) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर प्राप्त गर्न भौतिक रुपमा शेयर कायम रहेका शेयरधनीहरुको डिम्याट खाता (DEMAT Account/BOID No.) नभएमा नीजहरुले चाहेको खण्डमा तोकिएका संकलन केन्द्रमा गई भौतिक रुपमा आवेदन फाराम भरी आवेदन दिन सकिने व्यवस्था रहेको छ ।

**(भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :**

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने,
(ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,
(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पुरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,
(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,
(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,
(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालोसूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(छ) हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको,
(ज) धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची–११ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गरी लिईने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नुपर्ने ।

**(म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गर्नुपर्ने :**

क) कम्पनीको लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था श्री महर्जन वि.एण्ड एसोसियट्स रहेका छन ।

ख) कम्पनीको कम्पनी सचिवमा श्री ध्रुव कुमार श्रेष्ठ, चरिकोट १, दोलखा रहनुभएको छ ।

ग) कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ परक भएको व्यहोरा व्यवसायिक संस्था श्री बराल एण्ड के.सी. एसोसियट्सले प्रमाणित गर्नुभएको हो ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" व्यवसायिक संस्था प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा श्री नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं रहेको छ ।

**(य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

**१. हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :**

क) यस कम्पनीले आफ्नो जारी पूंजी रु.२,२५,००,००,००० हुने गरी आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था गरिएको र सोही अनुसार पूंजी बृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरिएको ।

ख) कम्पनीको साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पुँजीमा १ शेयर वरावर ०.५० शेयर (१ :०.५०) को अनुपातमा हकप्रद शेयर निष्काशन गरी कम्पनीलाई आवश्यक पर्ने पुँजी संकलन गर्ने ।

ग) कम्पनीले संचालन गरिरहेको माथिल्लो दोर्दी ए जलविद्युत आयोजना (२५ मेगावाट) बाट विद्युत उत्पादन भइरहेको र आयोजना निर्माणका क्रममा दोर्दी खोलामा आएको विनाशकारी बाढी लगायतका काबु बाहिरको परिस्थितिको कारणले आयोजनाको लागत बृद्धि भई बैंकको ऋण रकम रु. १,७८,६५,६०,०००/- थप भएकाले उक्त आयोजनाको लागि लिएको ऋण कम गर्ने ।

घ) कम्पनीको नाममा रहेको लोदो खोला साना जलविद्युत आयोजना (१.६ मेगावाट) को Connection Agreement सम्पन्न भई विद्युत खरीद बिक्रि सम्झौता (PPA) समेत भईसकेकोले उक्त आयोजनाको विकास गर्न पूँजी लगानी गर्ने उद्देश्यका लागि कम्पनीले हकप्रद शेयर निष्काशन गर्ने ।

ङ) कम्पनीले हकप्रद शेयर निष्काशन पश्चात माथिल्लो दोर्दी ए जलविद्युत आयोजना निर्माणको लागि विभिन्न बैंकहरुसँग लिएको ऋण मध्ये केहि रकम भुक्तानी गर्ने र बाँकी रहेको रकम माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजना निर्माणका लागि भएको खर्चको बाँकी रकम भुक्तानी गर्न र कम्पनीद्धारा प्रवर्द्धित अन्य आयोजनाको विकासमा लगानी गरिने छ ।

१. कम्पनीले माथिल्लो दोर्दी ए जलविद्युत आयोजनाको लागि २०८१ असार मसान्तसम्ममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको ऋणको विवरण निम्नानुसार रहेको छ :

| क्र.स | बैंक तथा वित्तीय संस्थाहरुको नाम | ऋणको विवरण (रकम रु.) | कैफियत |
|---|---|---|---|
| १. | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड | १,४५६,३०३,१८९/०२ | अल्पकालीन ऋण सहित |
| २. | नेपाल बैंक लिमिटेड | १,०३१,८०६,३८३/८८ | |
| ३. | प्रभु बैंक लिमिटेड | ८६७,२३३,००५/१८ | |
| ४. | ग्लोबल आईएमई बैंक लिमिटेड | ४६९,२३१,८२४/९६ | |
| ५. | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | ३७५,३१७,८४८/९६ | |
| ६. | एनएमबि बैंक लिमिटेड | ३२०,०७३,५६८/७८ | |
| ७. | लुम्बिनी बिकास बैंक लिमिटेड | १९८,२८०,७३४/२३ | |
| ८. | कुमारी बैंक लिमिटेड | २८१,९१२,७९६/८० | |
| **जम्मा** | | **५,०००,१५९,३५१/८१** | |

२. उल्लेखित उद्देश्य तथा योजना कार्यान्वयनका लागि नियामक निकाय श्री विद्युत नियमन आयोगको मिति २०८०/०४/१५ को पत्र अनुसार हकप्रद शेयर निष्काशन गर्न निम्नानुसारको शर्तहरु राखि स्विकृती प्रदान गरिएको छ ।

**शर्तहरुः**

क) प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ ।

ख) प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनु पर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।

ग) कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।

घ) तहाँ अन्तर्गतका शेयरधनीहरु मध्ये कुनै शेयरधनी विद्युत सम्वन्धि आयोजना बनाई नेप्सेमा सुचिकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्व स्वीकृति लिनुपर्नेछ ।

ङ) आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय-समयमा आदेश वा परिपत्र जारी गर्दा सो को परिपालना कम्पनीले गर्नुपर्नेछ ।

**२. हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिने आधारहरु :**

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" वमोजिम जारी हुने हकप्रद शेयरको अनुपातलाई उचित मान्ने निम्नानुसार आधारहरु रहेका छन :

क) भविष्यमा यस कम्पनीलाई वित्तीय हिसावले मजवुत राख्न र देशको आर्थिक विकासमा महत्वपूर्ण प्रभाव पार्ने जलविद्युत परियोजनाहरुमा लगानी गर्न सक्ने गरी पूँजी वृद्धि गर्नुपर्ने अवस्था रहेको ।

ख) कम्पनीद्धारा प्रवर्द्धित आयोजनाको लागि लिइएको बैंक ऋण कम गरि वित्तिय रुपमा कम्पनीलाई मजबुत बनाई लाभांस वितरण क्षमता वृद्धि गर्न ।

ग) कम्पनीको चुक्ता पुँजी हाललाई रु.२,२५,००,००,०००/- पुऱ्याउनको लागि हाल कायम चुक्ता पुंजीको १ : ०.५० अनुपातमा हकप्रद शेयर जारी गर्नु पर्ने अवस्था रहेको ।

घ) कम्पनीले शेयरधनीहरुलाई लगानीमा उचित प्रतिफल प्रदान गर्न पुँजीको उपयोगको हिसावले औचित्यपूर्ण रहेकोले १ :०.५० को अनुपातलाई उचित मान्न सकिने अवस्था रहेको

**३. निष्काशनबाट प्राप्त हुने कुल रकम सम्बन्धमा वित्तिय रुपमा प्रष्ट खुलेको उपयोग योजना सहितको विवरण :**

यस कम्पनीको संचालक समिति, वार्षिक साधारण सभाको निर्णय तथा विद्युत नियमन आयोगको पूर्व स्विकृती बमोजिम हकप्रद शेयर जारी भई प्राप्त हुने रकमलाई निम्नानुसार उपभोग गरिने छ :

| सि.नं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजनाको ऋण भुक्तानी गर्न | ५५,४४,००,०००/- |
| २. | माथिल्लो दोर्दी 'ए' जलविद्युत आयोजना निर्माणका लागि भएको खर्चको बाँकी रकम भुक्तानी गर्न | १५,३२,००,०००/- |
| ३. | कम्पनीद्धारा प्रवर्द्धित लोदोखोला साना जलविद्युत आयोजनामा लगानी गर्न | ४,२४,००,०००/- |
| | **जम्मा** | **७५,००,००,०००/-** |

**(र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा २१ (एक्काईस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिनसम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**(ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| सि.नं. | विवरण पत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, वेवसाइट : www.prabhucapital.com |
| २. | श्री लिवर्टी ईनर्जी कम्पनी लिमिटेड का.म.न.पा.वडा नं.२९, कालिकास्थान,<br>वेवसाइटः www.libertyenergy.com.np |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइट : www.sebon.gov.np |
| ४. | **सर्वसाधारण शेयर धनीहरुको हकमा :**<br>नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त गरेका सम्पूर्ण सी-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाहरु तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो सेयर" अनलाइन प्रयोग गरि सि-आश्वा प्रणाली मार्फत आवेदन दिन सकिनेछ । निष्काशन तथा बिक्री प्रबन्धकले तोकेको स्थानहरुबाट समेत हकप्रद शेयरको लागि आवेदन दिन सकिनेछ । साथै, निम्न अनुसारको स्थानहरुबाट समेत हकप्रद शेयरको आवेदन बुझाउन सकिनेछ ।<br>१. प्रभु क्यापिटल लि., कमलादी, काठमाडौं ।<br>२. प्रभु बैंक लि., बेशिसहर, लमजुङ ।<br>३. नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि., भोटेओडार, लमजुङ ।<br>४. ग्लोबल आईएमई बैंक लि., दोर्दी, लमजुङ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा प्रभु क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त

फारम सिधै हुलाक वा कुरियरद्वारा प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्बन्धि विवरण निष्काशनकर्ता कम्पनी श्री लिवर्टी ईनर्जी कम्पनी लिमिटेडको वेभसाइट www.libertyenergy.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री प्रभु क्यापिटल लिमिटेडको वेभसाइट www.prabhucapital.com मार्फत हेर्न सकिनेछ । साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णयमा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु प्रभु क्यापिटल लिमिटेड तथा लिवर्टी ईनर्जी कम्पनी लिमिटेड र नेपाल धितोपत्र बोर्डको वेवसाइट www.sebon.gov.np मा बिक्री बन्द नभएसम्म राखिनेछ । बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**निष्काशन बैंक (Banker to the Issue) को नाम तथा ठेगाना :**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयरहरुको लागि निष्काशन बैंक (Banker to the Issue) को रुपमा प्रभु बैक लिमिटेड, कमलादीलाई तोकिएको छ ।

| सि.नं | बैंकको नाम तथा शाखाको ठेगाना | खाताको नाम | खाता नं. | कैफियत |
|---|---|---|---|---|
| १ | प्रभु बैंक लिमिटेड, कमलादी शाखा | प्रभु क्यापिटल लिमिटेड | १११००६३१८१६००११३ | |

**(व) (१) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उदघोषण :**

यस कम्पनीले आफूले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकाय र विद्युत नियमन आयोगले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको उदघोषण कम्पनी रहेको छ । साथै कम्पनीले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आ.व.०७९/०८० सम्मको बुझाउनु पर्ने सम्पूर्ण विवरण बुझाई कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/१०/१० को प्राप्त पत्रानुसार कम्पनीको आ.व.०७९/८० सम्मको विवरणहरु अद्यावधिक रहेको छ ।

**(२) क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस लिवर्टी ईनर्जी कम्पनी लिमिटेडलाई इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले "IRN BB(Is) [Double B (Issuer) ]" रेटिङ्ग प्रदान गरेको छ । "IRN BB(Is) [Double B (Issuer) ]" जसले कम्पनीको समयमा वित्तीय दायित्व वहन गर्ने क्षमता मध्यम जोखिम रहने जनाउँछ । (Issuers with this rating are considered to have the moderate risk of default regarding timely servicing of financial obligations) इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लिमिटेडले IRN AAA (Is) देखि IRN D (Is) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा IRN AAA (Is) रेटिङ्ग ले बलिया आधार जनाउँछ भने IRN D (Is) रेटिङ्ग ले कमजोर आधारहरु जनाउँछ । रेटिङ्ग AAA, AA, A, BBB, BB, B, C र D मा प्रयोग गरिने चिन्हले उक्त समूहका तुलनात्मक स्थितिलाई जनाउँछ ।

***रेटिङ्ग प्रदान गरेको मिति : २०८१/०३/२६*** ***रेटिङ्ग बहाल रहने अवधि : २०८२/०३/३१***

**(श) पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**

विगत तीन आर्थिक बर्षमा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| ०७८/७९ | ५३० | २०३ | २४९.८ | ५५,५२४ |
| ०७९/८० | ३१८ | २०३.८० | २४४.५० | २१,०९३ |
| ०८०/८१ | २९३.७० | १३८ | २०१ | ६४,१८३ |

पछिल्लो तीन महिनामा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| महिना | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| असार २०८१ | २०३.५० | १७५.१० | २०१ | ४,७९४ |
| श्रावण २०८१ | ३०४.७० | २००.४० | ३०२ | २२,८०२ |
| भाद्र २०८१ | ३४४ | २५८ | २६१.१० | २०,६१२ |

**नोटः कम्पनीको अद्यावधिक बजार मुल्य नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्य सूचीबाट प्राप्त गर्न सकिनेछ ।**

**ष) संचालक तथा आधारभूत शेयरधनीले हकप्रद शेयर बापतको जम्मा गरेको सम्बन्धमा :**

यस कम्पनीको संचालक तथा आधारभूत शेयरधनीहरुबाट हकप्रद बापत रु. १६६,३८९,४००/- रकम अग्रिम भुक्तानी प्राप्त।

**स) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत।**

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | डा. आत्माराम घिमिरे | अध्यक्ष | |
| २. | राजेन्द्र वस्ती | संचालक | |
| ३. | पुरुषोत्तम घिमिरे | संचालक | |
| ४. | कविता पोखेल | संचालक | |
| ५. | कामना होल्डिङ्स प्रा.लि. (प्रतिनिधि लोचन कोइराला) | संचालक (सर्वसाधारण समुह) | |
| ६. | अनुज्ञा सापकोटा | स्वतन्त्र संचालक | |

**(ह) निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको व्यस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा ऐन र यस नियमावली अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

Prabhu Capital Limited
प्रभु क्यापिटल लिमिटेड
(A Subsidiary of Prabhu Bank Limited)

Ref no.: PRVUCAPITAL/BD/081/082/1267

मिति : २०८१/०७/०१

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महोदय,

काठमाडौं जिल्ला, का.म.न.पा. -२९, कालीकास्थान, काठमाण्डौं रजिष्टर्ड कार्यालय ठेगाना भएको लिबर्टी ईनर्जी कम्पनी लिमिटेडले आफ्नो चुक्ता पूँजी रु.१,५०,००,००,०००/- को ५० प्रतिशत अर्थात रु.७५,००,००,०००/- रकम बराबरको रु.१००/- अंकित दरको ७५,००,००० कित्ता सर्वसाधारण शेयरको १:०.५० (अर्थात विमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.५० कित्ता साधारण शेयर) को अनुपातमा रु.७५,००,००,०००/- बराबर प्रति शेयर १०० /- अंकित दरका ७५,००,००० कित्ता हकप्रद साधारण शेयर साविकका शेयरधनीहरुमा निष्काशन तथा बिक्री प्रबन्धक रुपमा सेवा दिन यस कम्पनी मन्जुर गर्दछु। हकप्रद शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ र सम्बद्ध कानुनमा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस क्यापिटलले कम्पनीले उपलब्ध गराएको विवरण बमोजिम विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धमा धितोपत्र ऐन, नियम वा सो ऐन,अन्तर्गत बनेका नियम नियमावली, तथा निर्देशिका समेतको पालना गरिएको जानकारी गराउदछौं । यस निष्काशन सम्बन्धमा देहायको कुराहरु थप जानकारी गराउँदछौं ।

१. संगठित संस्थाको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरुमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त संस्थाबाट प्रदान गरेको जानकारी अनुरुप तथ्यगत भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै संगठित संस्थाले उपलब्ध गराएको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोबार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु कम्पनीले प्रमाणीत गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कम्पनीको कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सुचीकरण विनियमावली २०७५ बमोजिम नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण हुन योग्य छन् ।

४. संगठित संस्थाले निष्काशन गर्न लागेको हकप्रद शेयरका लागि आवेदन दिने साविकका शेयरधनीहरुलाई "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" र दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छ ।

५. तँहा बोर्डबाट जारी गरिएको "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" र "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा उल्लेखित सबै कुराहरुको अध्ययन गरि सो नियमावलीको व्यवस्थाहरु अनुरुप हुने गरी संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं । साथै उक्त नियमावली तथा निर्देशिका बमोजिम यस क्यापिटल हकप्रद शेयर निष्काशनको लागि निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा योग्य भएको र तँहाबाट जारी ऐन, नियम, नियमावली तथा निर्देशिका पालना गर्ने जानकारी गराउदछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**
प्रभु क्यापिटल लिमिटेडको तर्फबाट
नाम : आषिश गौचन
पद : प्रमुख कार्यकारी अधिकृत
हस्ताक्षर :

कार्यालयको छाप :

ह.१. विवरणपत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :

# BARAL & K.C. ASSOCIATES

CHARTERED ACCOUNTANTS

baralandkc@baralandkc.com
9851071884/9849220703
Pulchowk, Lalitpur, Nepal

## Report on Projected Financial Statements
Of
**Liberty Energy Company Limited**

We have examined the projected financial statement of **Liberty Energy Company limited** for the financial years from 2081/82 to 2083/84 based on information provided by the management in accordance with applicable Nepal Standard on Assurance Engagement 3400,"the Examination of the Prospective Financial Information issued by the Institute of Chartered Accountants of Nepal. The Preparation and presentation of the Projection including the underlying assumptions set out in projected financial statement is the responsibility of the management. Our responsibility is to examine the evidence supporting the assumption (excluding the hypothetical assumption) and other information in the projected financial statement. Our responsibility does not include verification of projection. Therefore, we do not vouch for the accuracy of the same.

This projection has been prepared as one of the pre-requisites of Security Board of Nepal (SEBON) for approval to issue right shares of the company. The projection has been prepared using a set of assumptions that include hypothetical assumption about future events and management's action that are not necessary expected to occur. Consequently, users are cautioned that this projection may not be appropriate for purpose other than described above.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention which causes us to believe that these assumptions do not provide a reasonable basis for the Projection.

Further, in our opinion the projection is properly prepared on the basis of the assumptions as set out in projected financial statements and on a consistent basis with the historical financial statements, using appropriate accounting principles.

Even if the events anticipated under the hypothetical assumption described above occur, actual results are likely to be different from the projection since anticipated events frequently do not occur as expected and the variation may be material. We have no responsibility to update this report for events and circumstances occurring after date of this report.

Baral And K.C. Associates ★ Chartered Accountants ★ Lalitpur Nepal

CA Anuja K.C.
Partner
For Baral & K.C Associates
Lalitpur
Date:2024.09.18
UDIN No.: 240926CA01472uvGYt